# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक १७५ | काठमाडौं | आइतबार, ०९ कात्तिक २०८२ | Prabhab National Daily | Sunday, 26 October 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



चाडपर्वको बेला सुरक्षित यात्रा गरौं

चाडपर्वमा यात्रुको चाप बढ्ने भएकोले,

- पर्याप्त संख्या र नियमितरूपमा सवारीसाधन संचालन गरौं,
- सवारीसाधनमा अनावश्यक भिडभाड नगरौं,
- सवारीसाधनमा क्षमताभन्दा बढी यात्रु नचढौं र नचढाऔं,
- सवारीसाधनको छतमा बसेर यात्रा नगरौं,
- सवारीसाधनको नियमित मर्मत तथा परीक्षण गरौं,
- मादक/लागू पदार्थ सेवन गरी सवारीसाधन नचलाऔं ।

दुर्घटनाबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं !

नेपाल सरकार
विज्ञापन बोर्ड


# दल खोल्ने होड

## आयोगमा १६ नयाँ दल दर्ताको निवेदन, स्वीकृत गर्न बाँकी





आयोगमा तिहारअघिसम्म १६ वटा दल दर्ताको निवेदन परेका थिए । निवेदनसाथ संलग्न कागजातहरु हामी अध्ययन गरिरहेका छौं । छठलगत्तै प्रक्रिया पुगेका दल दर्ता हुन्छ ।

**सुमन घिमिरे**
सूचना अधिकारी, निर्वाचन आयोग

- स्वतन्त्र जनप्रतिनिधि, वकिल, अभियन्ता, उद्योगी, प्राध्यापक, जेन-जीलगायत नयाँ दलसहित राजनीतिमा आउँदै
- १६ दलले दर्ताको निवेदन दिए पनि निर्वाचन आयोगले दर्ता गर्न बाँकी
- निवेदनसाथ पेस गरिएका कागजातहरूको अध्ययन गर्दै आयोग, प्रक्रिया पूरा गरेका दल दर्ता हुने आयोगको भनाइ

**प्रभाव संवाददाता**

**काठमाडौं–** सरकारले आगामी २१ फागुनमा प्रतिनिधिसभा निर्वाचन घोषणा गरेसँगै निर्वाचन आयोगमा नयाँ दल दर्ता हुने क्रम बढेको छ । आयोगका अनुसार तिहारअघिसम्म आयोगमा दर्ताका लागि १६ वटा नयाँ दलले निवेदन दिएका छन् ।

स्वतन्त्र जनप्रतिनिधि, वकिल, अभियन्ता, उद्योगी, प्राध्यापक, जेन-जीलगायतले दल दर्ताका लागि चुनाव चिह्नसमेत प्रस्ताव गरेर निवेदन दिएका हुन् । आयोगका सूचना अधिकारी सुमन घिमिरेका अनुसार हालसम्म कुनै दल दर्ता भएको छैन । आयोगले हाल दल दर्ताका लागि पेस गरिएका कागजातहरूको जाँचबुझ गरिरहेको उनले बताए । छठलगत्तै भने केही दल दर्ता हुने उनको भनाइ छ ।

क्रमशः पृष्ठ २ मा

# बहुपक्षीय आन्दोलनको चेतावनीले त्रस्त सरकार, संवादमा आउन अपिल

- दुर्गा प्रसाईं र राजतन्त्रपक्षधर जेन-जी समूह व्यवस्था परिवर्तनको एजेण्डासहित आन्दोलनको तयारीमा
- कार्की सरकार ढाल्ने चेतावनी, १६ कात्तिकदेखि आन्दोलन गर्ने घोषणा
- नेकपा एमाले प्रतिनिधिसभा पुनर्स्थापनाको मागसहित आन्दोलनमा जाने
- अन्य केही जेन-जी समूह पनि आन्दोलनउन्मुख

**जेबी योञ्जन**





जसका पनि राजनीतिक मागहरु छन् भने सरकारले संवादको माध्यमबाट ती कुराहरु सुनिदिन्छ । अब संवादमा 'इन्गेज' हुनुपर्‍यो । सडकमा जानेहरूलाई सरकारले सम्वादका लागि अपिल गरेको हो ।

**ओमप्रकाश अर्याल**
गृहमन्त्री

**काठमाडौं–** जेन-जी विद्रोहपछि पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा सरकार गठन भएको डेढ महिना नबित्दै देश फेरि आन्दोलनको भुमरीमा फस्ने देखिएको छ । २१ फागुनमा प्रतिनिधिसभा निर्वाचन घोषणा भए पनि चुनावी माहोल बनाउन सरकारलाई सकस परिरहेको अवस्थाबीच मुलुकले बहुपक्षीय आन्दोलनको सामना गर्नुपर्ने देखिएको हो ।

आन्दोलन गर्न सडकमा ओर्लिन लागेको एउटा समूह दुर्गा प्रसाईं संयोजक रहेको राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति, नागरिक बचाउ महाअभियानले सरकार ढाल्नेमात्रै नभएर राजनीतिक व्यवस्था परिवर्तनसम्मको एजेण्डा अघि सारेको छ । समूहले देशमा हिन्दूराष्ट्र पुनर्स्थापना र २०४७ सालको संविधानलाई ब्युँताउने एजेण्डा अघि सारेको हो । उक्त संविधानले संवैधानिक राजतन्त्रात्मक व्यवस्थालाई अंगीकार गरेको थियो । यतिबेला विवादित मेडिकल व्यवसायी प्रसाईंले ३५ वर्षअघिको सोही संविधान ब्युँताउने भनेर देशलाई राजतन्त्रात्मक व्यवस्थातिर लान आन्दोलन गर्न लागेका छन् ।

आन्दोलनमा समर्थन जुटाउन उनले साना ऋणीको ऋण मिनाहा, सेना-प्रहरीको तलब एक लाख पुर्‍याउनेजस्ता नारा अघि सारेका छन् । उनको समूहले यही १६ कात्तिकदेखि आन्दोलन गर्ने उद्घोष गरेको छ । आन्दोलन अनिश्चितकालीन हुने पनि जनाएको छ ।

प्रसाईं गत वर्षको १५ चैतमा राजतन्त्रपक्षधरले गरेको हिंसात्मक प्रदर्शनको कमाण्डर थिए । त्यसपछि पक्राउ परेका उनी केही महिनाअघि मात्रै धरौटीमा रिहा भएका हुन् । जेन-जी विद्रोहपछि उनलाई सैनिक मुख्यालय जंगी अड्डाले 'स्टेक होल्डर' मानेको थियो । उनै प्रसाईंले २७ भदौमा कार्की प्रधानमन्त्री नियुक्त भएपछि असन्तुष्टि पोख्दै सरकार ढाल्ने सार्वजनिकरूपमै चेतावनी दिँदै आन्दोलन गर्ने भएका हुन् ।

राजतन्त्रपक्षधर जेन-जी समूह पनि प्रसाईंले अघि सारेका एजेण्डासहित आन्दोलनमा जाने भएको छ । आन्दोलनमा प्रसाईं समूहसँग सहकार्य गर्नेबारे राजतन्त्रपक्षधर जेन-जीका अगुवा दाबी गर्ने राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) केन्द्रीय सदस्य रविकिरण हमालले शनिबार बिहान छलफल गरेका छन् । छलफलपछि हमालले दुवै समूह देशलाई पुनः हिन्दूराष्ट्र कायम गर्नुपर्ने, २०४७ सालको संविधान ब्युँताउनुपर्ने र संवैधानिक राजतन्त्र पुनर्स्थापना गर्नुपर्ने जस्ता सवालमा एकमत भएको बताए ।

यता, जेन-जी आन्दोलनपछि सत्ताच्युत भएका केपी शर्मा ओली नेतृत्वको दल नेकपा एमाले भने प्रतिनिधिसभा पुनर्स्थापनाको एजेण्डा लिएर सडकमा जाने भएको छ । गत असोज २९-३१ गतेको केन्द्रीय समिति बैठकले प्रतिनिधिसभा चुनावमा सहभागी हुने भन्दा पनि पुनर्स्थापनाको पक्षमा उभिने निर्णय लिएको थियो । गत मंगलबार राष्ट्रपति रामचन्द्र पौडेलको आह्वानमा प्रधानमन्त्री कार्कीसमेत सम्मिलित सर्वदलीय बैठकमासमेत एमालेले सोही अडान दोहोर्‍याएको थियो । त्यही दिन निवर्तमान प्रधानमन्त्री ओलीले पनि प्रतिनिधिसभा विघटन असंवैधानिक भएको र पुनर्स्थापनाका लागि सडक संघर्षमा जाने चेतावनी दिए ।

यसरी विभिन्न पक्ष सडक प्रदर्शनमा आउन लाग्दा परिस्थिति जटिल बन्न सक्ने आकलन सरकारले गरेको छ । यहीबीच शनिबार प्रधानमन्त्री कार्की, गृहमन्त्री ओमप्रकाश अर्याल, गृहसचिव रामेश्वर दंगाल, प्रधानसेनापति अशोक सिग्देल, प्रहरी महानिरीक्षक चन्द्रकुबेर खापुङ, सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्याल र राष्ट्रिय अनुसन्धान विभाग प्रमुख टेकेन्द्र कार्की बालुवाटारमा पछिल्लो परिस्थिति र आगामी चुनावको सुरक्षाबारे छलफलमा जुटे ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

# मानसिक समस्याको जोखिममा आप्रवासी श्रमिक

## १८ देखि ३४ वर्ष उमेर समूहका श्रमिक सबैभन्दा धेरै प्रभावित

**प्रभाव संवाददाता**



**काठमाडौं–** आफ्नो मानसिक स्वास्थ्यको अनुभव र व्यवस्थापन गर्ने तरिकामा आप्रवासी कामदारहरूमा पुस्तागत भिन्नता रहेको 'एएक्सएग्लोबल हेल्थ केयर'को हालसालै सार्वजनिक गरिएको मानसिक स्वास्थ्य प्रतिवेदनले देखाएको छ ।

प्रतिवेदनको पाँचौं संस्करणका अनुसार युवा पुस्ता कृत्रिम बौद्धिकता (एआई) र डिजिटल मानसिक स्वास्थ्य उपकरणहरूको प्रयोगलाई अघि बढाइरहेको देखिन्छ । धेरै जनाले अत्यधिक सामाजिक सञ्जालको प्रयोगले नकारात्मक प्रभाव पारेको रिपोर्टसमेत गरेको भनिएको छ ।

उक्त अध्ययनमा १६ वटा देशका १८ देखि ७५ वर्ष उमेरका एक हजार ४०० भन्दा बढी आप्रवासी सहभागी भएका थिए । उक्त सर्वेक्षणले उमेर, सांस्कृतिक परिवेश र डिजिटल पहुँचले विश्वभरि स्वास्थ्यमा कसरी नयाँ दृष्टिकोण तय गर्दै छ भनेर देखाएको छ ।

अध्ययनले १८ देखि २४ वर्ष उमेर समूहका ७४ प्रतिशत र २५ देखि ३४ वर्ष उमेरका ६७ प्रतिशत आप्रवासी कामदार मध्यमदेखि अत्यधिक गम्भीरस्तरको चिन्ता, तनाव वा डिप्रेसनको सिकार भएको निश्कर्ष निकालेको छ । गएको १२ महिनामा १८ देखि ३४ वर्ष उमेरका ६८ प्रतिशतले मध्यमदेखि गम्भीर स्तरको तनावअनुभव गरेको रिपोर्ट गरेको भनिएको छ । ५५ वर्षमाथिका ३३ प्रतिशत व्यक्तिले मात्र यस्तो अनुभव गरेको बताएको जनाइएको छ ।


कम उमेरका विदेशी कामदारले गम्भीर डिप्रेसन, तनाव वा चिन्ता रिपोर्ट गर्ने सम्भावना आफ्ना ५५ वर्ष माथिका समकक्षीहरूभन्दा दुई गुणा बढी भएको देखिएको छ । कम उमेरका ५१ प्रतिशत विदेशी कामदारले सामाजिक सञ्जाल र डिजिटल उपकरणलाई आफ्नो मानसिक स्वास्थ्यमा नकारात्मक प्रभाव पार्ने प्रमुख कारक भएको बताएका थिए । ४७ प्रतिशत यस्ता युवा सञ्चारमाध्यममा लगातार आइरहने नकारात्मक समाचारसँग संघर्ष गरिरहेको पाइएको छ ।

त्यसैगरी ८३ प्रतिशत विदेशी श्रमिक आफ्नो काम गर्ने वातावरणका कारण नकारात्मक मानसिक स्वास्थ्य लक्षणहरू अनुभव गरिरहेको जनाइएको छ ।

क्रमशः पृष्ठ २ मा

# एफएटिएफको 'ग्रे लिस्ट'बाट निस्कने नेपालको प्रयास असफल

- नेपालले सुधारका प्रयास जारी राखे पनि अझै अपर्याप्त रहेको निष्कर्ष
- रणनीतिक सुधारका प्रयास थाल्नुपर्ने तथा स्पष्ट कार्ययोजना बनाएर कार्यान्वयनमा लैजानुपर्ने एफटिएफको सुझाव
- वाणिज्य बैंक, सहकारी, क्यासिनो, गहना पसल, घरजग्गा कारोबारलगायतका क्षेत्रको जोखिममा आधारित निरीक्षण गरी सुधारका उपाय अवलम्बन गर्नुपर्ने
- सम्पत्ति शुद्धीकरण मामिला हेर्ने निकायको क्षमता अभिवृद्धि गर्ने तथा यसको अनुसन्धान र अभियोजन प्रक्रियालाई चुस्त बनाउनुपर्ने सुझाव




**काठमाडौं–** नेपाल यस वर्ष पनि सम्पत्ति शुद्धीकरण मामिलाको निगरानी गर्ने अन्तर्राष्ट्रिय निकाय 'वित्तीय कारबाही कार्यदल' (फाइनान्सियल एक्सन टास्कफोर्स- एफएटिएफ) को 'ग्रे लिस्ट' बाट बाहिर निस्कन असफल भएको छ ।

एफएटिएफको शुक्रबार सम्पन्न चौथो पूर्ण बैठकले नेपाललाई अझै निगरानी सूची अर्थात् 'ग्रे लिस्ट' मै राख्ने निर्णय गरेको हो । बैठकपछि जारी वक्तव्यअनुसार नेपालले सुधारका प्रयास जारी राखे पनि अझै अपर्याप्त रहेको र थप सुधार आवश्यक रहेको जानकारी दिएको छ ।

नेपालले सन् २०२५ फेब्रुअरीमा एफएटिएफ र एसिया प्यासिफिक ग्रुप (एपिजी)सँग आफ्नो सम्पत्ति शुद्धीकरण निवारण प्रणालीको प्रभावकारिता बलियो बनाउन उच्चस्तरीय राजनीतिक प्रतिबद्धता जनाएको थियो । यसमा सुधारका लागि केही कदम चालेको भए पनि नेपालले रणनीतिक सुधारका प्रयास थाल्नुपर्ने तथा स्पष्ट कार्ययोजना बनाएर कार्यान्वयनमा लैजानुपर्ने आवश्यकता एफएटिएफले औंल्याएको छ ।

त्यस्तै, सम्पत्ति शुद्धीकरण तथा आतंककारी क्रियाकलापमा हुने लगानीको जोखिमबारे स्पष्ट बुझाइ आवश्यक रहेको पनि एफएटिएफले उल्लेख गरेको छ । वाणिज्य बैंक, सहकारी, क्यासिनो, गहना पसल, घरजग्गा कारोबारलगायतका क्षेत्रको जोखिममा आधारित निरीक्षण गरी सुधारका उपाय अवलम्बन गर्नुपर्ने, हुण्डीलगायत गैरकानुनी कारोबारको पहिचान र रोकथाम गर्नुपर्ने, सम्पत्ति शुद्धीकरण मामिला हेर्ने निकायको क्षमता अभिवृद्धि गर्ने तथा यसको अनुसन्धान र अभियोजन प्रक्रियालाई चुस्त बनाउनुपर्ने सुझाव दिएको छ ।

क्रमशः पृष्ठ २ मा




सुलभ मूल्यमा अन्तर्राष्ट्रिय स्तरको
निः सन्तानपन सम्बन्धी उपचार

HARDIK
IVF and Fertility Center
Where Miracles Come to Life

हार्दिक आई.भि.एफ सेन्टर
सिनामंगल ९, काठमाडौं
01-5917982, 9802352811

# मनोकामना पूरा हुने विश्वासमा सूर्यदेवको पूजा आराधना गरिने छठ पर्व

■ पूर्णप्रसाद मिश्र

**काठमाडौँ–** नदी, छठी माता र सूर्यदेवको श्रद्धा भक्तिपूर्वक पूजा आराधना गरी मनाइने चारदिने छठ पर्व शनिबारदेखि सुरु भएको छ । कार्तिक शुक्ल चतुर्थीदेखि सप्तमीसम्म नदी, छठी माता र सूर्यदेवको पूजा आराधना गरी मनाइने छठ पर्व राजधानीलगायत मधेस प्रदेशका जिल्लामा हर्षोल्लासपूर्वक मनाइन्छ ।

कात्तिक शुक्ल चतुर्थीदेखि सप्तमीसम्म मनाइने सूर्यदेवको आराधना, उपासना र पूजाको यो पर्वको पहिलो दिन चतुर्थीका दिन स्नान गरी चोखो खाएर बसिन्छ । यसलाई 'नहाय खाय' भनिन्छ । शनिबारदेखि छठ पर्व नसकिएसम्म व्रतालुले माछा, मासु, लसुन, कोदो, फापर, मुसुरो, आदि राजसी र तामसी खाद्यपदार्थ नखाने विधि छ । चतुर्थीको कर्मलाई अरबाइन वा अरबा पनि भनिन्छ ।

मनोकांक्षा पूरा हुने विश्वासमा महिलाले छठमा कठोर व्रत गर्छन् । विशेषगरी तराईमा मनाइने मिथिला संस्कृतिमा आधारित छठ पर्व वि.सं. २०४६ पछि काठमाडौंलगायत पहाडी जिल्लामा पनि मनाउन थालिएको छ । यस क्षेत्रका मानिसले पनि कुनै न कुनै रूपमा सूर्यदेवको पूजा, आराधना गर्ने गरेकाले कार्तिक शुक्ल चतुर्थीदेखि सप्तमीसम्मको विशेष अवधिमा पनि सूर्यदेवको पूजा, आराधना गर्न थालेका हुन् ।

वि.सं. २०४६ देखि नै सरकारले यस पर्वका दिन सार्वजनिक बिदा दिन थालेको हो । वि.सं. २०६३ पछि भने काठमाडौंको थापाथली, पशुपति क्षेत्रस्थित गुहचेश्वरीबाट गौरीघाट र रानीपोखरीमा पनि विशेष महत्त्वका साथ यो पर्व मनाउन थालियो ।

रानीपोखरीमा भूकम्पपछिको पुनर्निर्माण सकिएदेखि हाल छठ मनाइँदैन । यसअघिदेखि नै बागमती र विष्णुमती नदीकिनारमा छठ मनाउने संस्कृति सुरु भएको थियो । राजधानीका नागपोखरी, गहनापोखरीलगायत जलाशयमा पनि छठ मनाउने गरिएको छ । कार्तिक शुक्ल पञ्चमीका दिनमा निर्जल उपवास बस्ने गरिन्छ । यस दिन बेलुकी घरमा खीर बनाई चन्द्रमालाई अर्पण गरी एक छाक खाइन्छ । यसलाई 'खरना' भन्ने गरिएको दुई दशक अघिदेखि काठमाडौंमा छठ मनाउँदै आएका नरेन्द्र यादवले बताए । 'षष्ठीका दिन व्रतालुले ठेकुवा, फलफूल, मिठाइ र रोटी सूर्य एवं छठी मातालाई चढाउने गरिन्छ, रोटीमा सूर्यको रथका पांग्रा अंकित गरिन्छ,' उनले भने ।

षष्ठीका दिन पक्वान्न, फलफूल, उखु र नरिवललाई बाँसको टोकरीमा सजाएर माथिबाट कपडाले छोपिन्छ । साँझपख बत्ती बालेर माटाको घडाको साथ गीत गाउँदै नदी वा तलाउका किनारमा गइन्छ । डुब्न लागेका सूर्यलाई अर्घ्य दिई प्रणाम गरिन्छ । अर्घ्य दिएपछि तीनपटक पानीमा डुबुल्की मारी मनोरञ्जन गर्दै त्यही रात बिताइन्छ ।

सप्तमीका दिन बिहान उदाउँदो सूर्यलाई दर्शन गर्न बिहान ४:०० बजेदेखि नै प्रतीक्षा गरिन्छ । उदाउँदो सूर्यलाई गाईको दूध, फूल र जलले अर्घ्य दिइन्छ । यसरी घाटमा गरिने पूजालाई 'भिन्सरघाट' भनिन्छ । बिहानै घाटमा गरिने पूजा भएकाले भिन्सरघाट भनिएको हो । सूर्योदयकालमा अर्घ्य दिइ सूर्यको दर्शन गरेपछि छठ पूजा सकिन्छ । सूर्यको दर्शन गर्दा भक्तहरू लुगासहित कम्मरसम्मको पानीमा डुबेर सूर्य दर्शन गर्ने विधि रहेको अञ्जिता शर्माले बताइन् ।

'पृथ्वीमा भएका जीवको सञ्चालन र संरक्षण जल एवं सूर्यबाट भएकाले नदीलाई माता, सूर्यलाई सम्पूर्ण शक्तिको स्रोतका रूपमा मानी विशेष पूजा गर्ने गरिएको हो,' उनले भनिन् । कार्तिक शुक्ल पक्षमा सूर्यको पूजा गर्नाले मनोकांक्षा पूरा भई इच्छाएको फल प्राप्त हुने उल्लेख शास्त्रमा गरिएको धर्मशास्त्रविद् एवं नेपाल पञ्चांग निर्णायक विकास समितिका सदस्य प्रा.डा. देवमणि भट्टराईले बताए । सूर्यको उपासना गर्ने र शुद्धताको प्रतीक भएकाले तराईबाट सुरु भई हाल पहाड र हिमाली क्षेत्रसम्म पनि छठ मनाउन थालिएको छ । सूर्य पूजा र दर्शन गरी विवाहिता महिला, पुरुषले पति, पत्नीको दीर्घायु एवं अविवाहित केटा, केटीले सुयोग्य वर बधु प्राप्तिको कामना गर्छन् । सन्तान प्राप्तिको कामनाले यो पर्व मनाउनेको संख्या पनि धेरै छ ।

यो पर्वमा मुस्लिम, बौद्ध र जैन धर्मावलम्बीकोसमेत सहभागिता रहने गरेको वि.सं. २०६८ देखि कमलपोखरीमा छठ पूजाको नेतृत्व गर्दै आएका राजेन्द्र सिंहले बताए । सर्वप्रथम छठीमाताले सूर्यदेवलाई खुसी पारी यो पर्व मनाउन थालिएको धार्मिक विश्वास छ । महाभारतकालमा द्रोपदीसहित पाण्डव अज्ञातवासमा रहँदा गुप्तबास सफल होस् भनी सूर्यदेवलाई आराधना गरेका थिए । पाण्डव विराट राजाका दरबारमा बसेका बेला गरेको सूर्य पूजाका प्रभावले अज्ञातवास सफल भएको विश्वासमा यो पर्व मनाउन सुरु गरिएको एकथरी मत छ ।

सूर्य पुराणमा उल्लेख भएअनुसार सर्वप्रथम अत्रिमुनिकी पत्नी अनुसूयाले छठ व्रत गरेकी थिइन् । फलस्वरूप उनले अटल शौभाग्य र पतिप्रेम प्राप्त गरिन् । त्यही बेलादेखि 'छठ पर्व' मनाउने परम्पराको सुरुआत भएको अर्काथरीको भनाइ छ ।

राजधानीमा गुहचेश्वरीबाट गौरीघाटको बागमती किनारमा छठघाट निर्माण भइरहेको छ । यसैगरी कमलपोखरीमा पनि छठको तयारी भइरहेको छ । दुवै स्थानमा भोलि सोमबार बेलुकी राष्ट्रपति रामचन्द्र पौडेलले विशेष पूजा एवं छठ पर्व अवलोकन गर्ने कार्यक्रम रहेको छ ।

यस वर्ष कात्तिक १० गते सोमबार बेलुकी अस्ताउँदो र कात्तिक ११ गते मंगलबार बिहान उदाउँदो सूर्यलाई अर्घ्य दिइने कार्यक्रम रहेको गुहचेश्वरी छठ पूजा समितिले जानकारी दिएको छ । छठ व्रतालु भने कार्तिक शुक्ल षष्ठीको रातभर नदी किनारमै बस्छन् । *रासस*

पृष्ठ १ बाट क्रमशः

## बहुपक्षीय...

छलफलपछि सरकारले सडक प्रदर्शनको तयारी गरिरहेका दल र समूहलाई सुरक्षा जोखिमलाई ध्यानमा राखेर प्रदर्शनमा नजान र संवादमार्फत आफ्ना कुराहरू राख्न आह्वान गरेको छ । गृहमन्त्री अर्यालले संवादमार्फत राजनीतिक दलहरूको माग सुनुवाइ सरकारले गर्ने प्रतिबद्धतासमेत जनाए । त्यसो हुँदा अब सडक प्रदर्शन आवश्यक नभएको बताए ।

'सडकमा जान जरुरी छैन । अब सडकमा जानुपर्ने परिस्थिति हुन्छ भने पनि त्यो लोकतान्त्रिक अधिकार प्रयोग गर्दा अरुको अधिकारमा हनन् हुनु पनि भएन,' गृहमन्त्री अर्यालले छलफलपछि पत्रकारहरूसँग भने, 'सार्वजनिक सम्पत्तिमा क्षति पुऱ्याउनु पनि भएन । निजी सम्पत्तिमा क्षति पुऱ्याउनु पनि भएन । कहीँकतै हिंसा हुनै भएन । अहिंसात्मक तरिकाले गर्नुपर्दछ ।'

प्रधानमन्त्री कार्कीको सचिवालयले जनाएअनुसार छलफलमा चारवटै सुरक्षा निकायका प्रमुखहरूले सडक आन्दोलनले निम्त्याउने चुनौतीबारे 'ब्रिफिङ' गर्दै सुरक्षा विश्लेषण सुनाएका थिए । त्यसमध्ये प्रहरी प्रमुख खापुङले सडक आन्दोलनको अग्रमोर्चामा खटिने प्रहरीसँग जेन-जी आन्दोलनपछि हातहतियार, गाडी र मोटरसाइकलको अभाव भएको बताएका थिए । यस्तोबेला सडक प्रदर्शन गर्न दिनु सुरक्षाको दृष्टिले चुनौतीपूर्ण हुने उनको विश्लेषण थियो । प्रधानसेनापति सिग्देल, सशस्त्र प्रहरी प्रमुख अर्याल र अनुसन्धान विभाग प्रमुख कार्कीले पनि विभिन्न समूहलाई सडक प्रदर्शन गर्न दिनुभन्दा राजनीतिक संवादमा बोलाउनुपर्ने सुझाएका थिए ।

उनीहरूको राय सुझावकै आधारमा आन्दोलनको मिति नै घोषणा गरेका र आन्दोलन गर्ने चेतावनी दिएका दल र समूहलाई संवादमा आउन सरकारले शनिबार अपिल गरेको हो । गृहमन्त्री अर्यालले भने, 'जसका पनि राजनीतिक मागहरू छन् भने सरकारले संवादको माध्यमबाट ती कुराहरू सुनिदिन्छ । अब संवादमा इन्गेज हुनुपऱ्यो । अब सडकमा जानेहरूलाई सरकारले सम्वादका लागि अपिल गरेको हो ।'

उसो त सरकारविरुद्ध जेन-जी विद्रोहका घाइतेहरू आन्दोलनमै छन् । उनीहरू कहिले माइतीघर त कहिले सिंहदरबारको गेटमा धर्ना दिन पुग्छन् । जेन-जी विद्रोहको मूल एजेण्डाविपरीत सरकार चलेको उनीहरूको आरोप छ । मिराज ढुंगाना नेतृत्वको समूहले प्रत्यक्ष निर्वाचित कार्यकारीको निर्वाचन सुनिश्चितता मागेको छ । होइन भने घोषित प्रतिनिधिसभा चुनाव बहिष्कार गर्ने र सरकारविरुद्ध आन्दोलित हुने चेतावनी दिएको छ

जेन-जी विद्रोह 'हाइज्याक' गरेको आरोप लागेका सुधन गुरुङको समूहले पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र पूर्वगृहमन्त्री रमेश लेखकलाई तत्काल पक्राउ गरेर २३ भदौको जेन-जी आन्दोलनमा बल प्रयोग गरेको घटनामा जिम्मेवार बनाउन सरकारमाथि दबाब बढाउँदै लगेको छ । एमालेले भने प्रतिवाद गर्ने चेतावनी दिएको छ । यसरी कार्की सरकार चौतर्फी दबाबमा परेको छ ।

■■■

## नयाँ दल...

'आयोगमा तिहारअघिसम्म १६ वटा दल दर्ताको निवेदन परेको थियो । निवेदनसाथ संलग्न कागजातहरू हामी अध्ययन गरिरहेका छौं,' उनले प्रभावसँग भने, 'अब छठलगत्तै दुई/चार वटा दल दर्ता हुन्छ ।' जेन-जी आन्दोलनपछि प्रतिनिधिसभा विघटन भएसँगै आगामी २१ फागुनमा चुनावको मिति तोकिएको छ । चुनावमा सहभागी हुन आयोगमा दसैंअघि १० वटा र त्यसपछि बाँकी छ वटा दलले दर्ताका लागि निवेदन दिएका थिए । आयोगले कानुनअनुसार आवश्यक कागजात पेस गरेका दलहरूको दर्ता गर्ने जानकारी दिएको छ ।

दल दर्ताका लागि निवेदन दिनेमा धरान उपमहानगरपालिकाका प्रमुख हर्क साम्पाङ पनि छन् । उनले श्रम संस्कृति पार्टी नामको दल दर्ताका लागि गत ७ असोजमै निवेदन दिएका हुन् । उनको दल दर्ता हुन बाँकी छ । खयतिबेला उनी देशका विभिन्न जिल्लामा पार्टी प्रचार अभियानमा छन् ।

वरिष्ठ अधिवक्ता डा. सुरेन्द्र भण्डारीले ९ असोजमा नेपाल नागरिक पार्टी दर्ताका लागि निवेदन दिए । लामो समयदेखि मूलतः संवैधानिक मुद्दामा बहस गर्दै आएका भण्डारी राजनीतिमा आउने भएका हुन् । त्यसका लागि दल दर्ताको निवेदन दिएकोमा आयोगले दर्ता गरिसकेको छैन । उनी राजतन्त्र र हिन्दूराष्ट्रको कित्तामा उभिने गरेका छन् ।

बुद्ध एयरका मालिक वीरेन्द्रबहादुर बस्नेतले पनि नयाँ दल खोलेका छन् । त्रिभुवन विश्वविद्यालयमा लामो समय प्राध्यापन गरेका डा. दिनेशराज प्रसाईंको नेतृत्वमा उनले दल खोलेका हुन् । तर, उनको पनि दललाई निर्वाचन आयोगले दर्ता गरिसकेको छैन । दलको नाम गतिशील लोकतान्त्रिक पार्टी र चुनाव चिह्न 'ज्योति' प्रस्ताव गरिएको छ ।

यस्तै, दल दर्ताका लागि हीराप्रसाद सोती नेतृत्वको राष्ट्रिय जेन-जी पार्टी नेपालले यही कात्तिक २ गते आयोगमा निवेदन दिएको छ । यो दलले चुनाव चिह्नमा 'क्रस खुकुरी' प्रस्ताव गरेको छ । यसअघि उज्यालो नेपाल, राष्ट्रिय परिवर्तन पार्टीलगायतले पनि दर्ताका लागि निवेदन दिएका थिए । ती दलहरूको पनि दर्ता भइनसकेको आयोगले जानकारी दिएको छ ।

आयोगका सूचना अधिकारी घिमिरेका अनुसार नेपालको संविधान, २०७२ र राजनीतिक दलसम्बन्धी ऐन, २०७३ बमोजिम राजनीतिक दल दर्ताको निवेदनका लागि दलको विधान चाहिन्छ । नियमावली र घोषणापत्र दुई-दुई प्रति, झण्डा, लोगो, छाप, रोजिएको चुनाव चिह्न, दलको नाम र सो दलको प्रधान कार्यालयको ठेगाना उल्लेख गर्नुपर्छ । यसबाहेक केन्द्रीय कार्यकारिणी समिति वा सो सरहको केन्द्रीयस्तरको समितिका सदस्य तथा अन्य पदाधिकारीको नाम र ठेगाना, दलको आय स्रोतको कोष र सो जुटाउने स्रोतको विवरण आदि निवेदनमा खुलाउनुपर्छ ।

विधान वा नियमावलीमा कम्तीमा पाँच वर्षमा एकपटक सो दलका प्रत्येक तहका पदाधिकारीको निर्वाचन हुने व्यवस्था, विभिन्न स्तरका कार्यकारिणी समितिमा महिला, दलितलगायत उपेक्षित र उत्पीडित क्षेत्रका सदस्यहरूसमेत रहने समावेशी व्यवस्था अवलम्बन गर्ने नीति पनि उल्लेख गर्नुपर्छ ।

दलको विधानमा दलका सदस्यहरूलाई अनुशासित बनाउने प्रभावकारी व्यवस्था, केन्द्रीय भेलाबाट केन्द्रीय कार्यसमितिको चयन, विधान, झण्डा, लोगो कुन राख्ने चुनाव चिह्न कुन रोज्नेसम्बन्धी निर्णय भएको हुनुपर्ने व्यवस्थाको पनि निश्चितता गरिएको हुनुपर्छ । केन्द्रीय पदाधिकारीको नागरिकताको प्रमाणित प्रतिलिपि, दर्ताका लागि निवेदन, विधान, नियमावली र घोषणापत्रमा सबै केन्द्रीय समितिका पदाधिकारीको हस्ताक्षरलगायतका सामग्री पनि संलग्न गरेको हुनुपर्छ । यत्ति भए दल दर्ता हुने आयोगका सूचना अधिकारी घिमिरेले बताए ।

■■■

**मोटरसाइकल हराएको सूचना**

मिति २०८२/०६/२६ गते काठमाडौं जिल्ला सोह्रखुट्टे नयाँबजार उत्तम चोकमा पार्किङ गरिराखेको कालो रङ्गको पल्सर २२० सि.सि. मोटरसाइकल साँझको अन्दाजी ६:१५ बजेको समयमा हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

कम्पनीको नाम : हुलास अटो
सवारी धनीको नाम : मैतराम गुरुङ
बाइक नं.: बा.प्र.०५७-३४४४
च्यासिस नं.: MD2A136 X 35CM 81348
इन्जिन नं. : DKXCSM 12273
ठेगाना : धादिङ-३, हाल : काठमाडौँ
सम्पर्क नं. ९८५११६७२८५

## मानसिक...

यो तथ्यांक सन् २०२४ को भन्दा चार प्रतिशत बढी र गन्तव्य मुलुकका सहकर्मीभन्दा चार प्रतिशत नै बढी भएको उल्लेख गरिएको छ । श्रमिकहरू मानसिक समस्याविरुद्ध लड्न के कस्ता उपायहरू अपनाउने गरेका छन् भन्ने विषयमा पनि विभिन्न तथ्यांक सार्वजनिक गरिएको छ । ६६ प्रतिशत युवा आप्रवासीहरू मानसिक स्वास्थ्यका लागि 'भर्चुअल' चिकित्सकको प्रयोग गर्ने वा पहिले नै प्रयोग गरिरहेको जनाइएको छ ।

४० प्रतिशत युवा आप्रवासीहरूले मानसिक स्वास्थ्य जानकारीका लागि सामाजिक सञ्जाल प्रयोग गर्दा बढी उमेरका १४ प्रतिशत आप्रवासीले यस्तो प्रयोग गर्ने जनाइएको छ । ४१ प्रतिशत युवा प्रवासीहरूले सामान्य चिकित्सकजस्ता स्वास्थ्यकर्मीहरूको सम्पर्कमा जाँदा बढी उमेरकाहरू ५७ प्रतिशत गएको पाइएको छ । यद्यपि, सन् २०२३ को तुलनामा युवा श्रमिकहरू मनोविद् या विशेषज्ञकोमा जाने सम्भावना ३३ प्रतिशतभन्दा बढी रहेको देखिएको छ ।

जलवायु प्रकोप, भूराजनीतिक संघर्ष, आर्थिक अस्थिरता, रोजगार असुरक्षाको अनुभव र प्रविधिको अत्यधिक दबाबका कारण १८ देखि ३४ वर्ष उमेरकाहरूको मानसिक स्वास्थ्यमा असर परिरहेको प्रतिवेदनमा उल्लेख गरिएको छ । यी तथ्यांकहरूमा प्रतिक्रिया दिँदै एएक्सएका प्रमुख कार्यकारी अधिकृत जेभियर लेस्ट्रेडले युवा श्रमिकहरू आफ्नो समस्या स्पष्टसँग स्वीकार गर्ने गरेको र खुल्लमखुला सहयोग खोज्ने प्रवृत्ति उनीहरूमा रहेको बताएका छन् । जबकि, पुराना पुस्ताका आप्रवासी समस्याबारे कम बोल्ने र परम्परागत विधिमा भर पर्ने उनको भनाइ छ । यद्यपि, पुरानो पुस्ताको सहनशीलता र नयाँ पुस्ताको आफैं स्वास्थ्य व्यवस्थापनमा जुट्ने विशेषता दुवै पुस्ताले एकआपसबाट सिक्नुपर्ने बताउँछन् ।

■■■

## एफएटिएफको...

सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी कानुनको परिपालनामा चुक्दा नेपाल गत फागुनमा एफएटिएफको 'ग्रे लिस्ट'मा परेको थियो । सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी कानुन निर्माणमा उल्लेख्य प्रगति भए पनि संरचनागत र व्यावहारिक सुधारमा कमजोर देखिएको भन्दै एफएटिएफले यस्तो निर्णय लिएको थियो । त्यस्तै, सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी मामलामा नेपालको अनुसन्धान एवं अभियोजन निकै फितलो रहेको औंल्याइएको थियो । नेपाल एफएटिएफको ग्रे लिस्टमा परेको यो दोस्रोपटक हो । यसअघि नेपाल सन् २०१४ मा यो सूचीबाट निस्किएको थियो । त्यसबेला नियामकीय सुधार गर्ने भनेर मार्गचित्र तयार पारी कार्यान्वयनमा आएपछि एफएटिएफको प्रत्यक्ष निगरानी हटाइएको थियो ।

'एसिया प्यासिफिक ग्रुप अन मनी लाउण्डरिङ' (एपिजी) ले करिब तीन वर्षअघि नेपालमा सम्पत्ति शुद्धीकरण तथा आतंककारी क्रियाकलापमा वित्तीय लगानी निवारणसम्बन्धी 'पारस्परिक मूल्यांकन प्रतिवेदन' (म्युचुअल इभालुएसन) गरेर एफएटिएफलाई प्रतिवेदन बुझाएको थियो । सन् २०२३ जुलाई ९ देखि जुलाई १४ सम्ममा क्यानडाको भ्यानकुभरमा आयोजना भएको एपिजीको वार्षिक प्लेनरी बैठकले नेपालको पारस्पारिक मूल्यांकन पारित गरी सोही आधारमा सन् २०२३ अक्टोबरमा एफएटीएफले नेपाललाई एक वर्षको निगरानी अवधि दिएको थियो । जसमा ४० वटा सुधारका क्षेत्रहरू औंल्याइएका थिए । निगरानी अवधिमा एफएटिएफले सुझाएका काम नेपालले कार्यान्वयन गर्ने र सम्भावित ग्रे लिस्टमा जानबाट रोकिने विश्वास लिइएको थियो । तर नेपालले एक वर्षको निगरानी अवधिमा पनि उल्लेख्य सुधार गर्न नसकेपछि अन्ततः उक्त सूचीमा परेको थियो ।

एफएटिएफले नेपाललाई सुधार गर्नुपर्ने भनी औंल्याएका विषयहरूमा गैरवित्तीय क्षेत्र नियमनको दायरामा आउन नसक्दा यो क्षेत्रमा सम्पत्ति शुद्धीकरणको बढी जोखिम देखिएको, आतंककारी क्रियाकलापमा भइरहेको वित्तीय लगानीलाई नेपालले 'ट्र्याकिङ' गर्न नसकेको, उच्च जोखिमका बाबजुद सम्पत्ति शुद्धीकरणसँग जोडिएका मामिला अनुसन्धान र जाँचबुझमा नेपाल कमजोर देखिएको, कानुनी सुधारको गुञ्जायस देखिए पनि कार्यान्वयनमा चुकेकोलगायत उल्लेख थिए ।

त्यस्तै, सम्पत्ति शुद्धीकरण निवारणका लागि कानुनी सुधार र संस्थागत क्षमता विकास गर्न नेपालले उच्च तहको प्रतिबद्धता, पर्याप्त स्रोत साधन परिचालन, अन्तरनिकाय समन्वयलगायतका विषयमा ध्यान दिनुपर्ने सुझाव नेपाललाई दिइएको थियो । ती सुझावहरू कार्यान्वयनमा आंशिक प्रगति देखिए पनि नेपाल उक्त सूचीमा पर्नबाट जोगिन सकेन ।

त्यसअघि, नेपालले सन् २०२० मा सम्पत्ति शुद्धीकरण तथा आतंककारी क्रियाकलापमा वित्तीय लगानी निवारणसम्बन्धी राष्ट्रिय जोखिम मूल्यांकन गरेको थियो । उक्त मूल्यांकनबाट नेपालका नियामकलगायत सम्बन्धित निकाय र निजी क्षेत्र सम्पत्ति शुद्धीकरणका चुनौतीबारे केही हदसम्म जानकार देखिए पनि आतंककारी क्रियाकलापमा वित्तीय लगानी पहिचान र निवारण चुनौतीपूर्ण रहेको औंल्याइएको थियो ।

राजनीतिक क्रियाकलापसँग जोडिएका गतिविधिमार्फत आतंककारी क्रियाकलापमा वित्तीय लगानी भइरहेको विषयलाई नेपालले पहिचान गर्न नसकेको एपिजी प्रतिवेदनमा उल्लेख छ । त्यसैगरी, गैरवित्तीय पेसा व्यवसाय (नन् फाइनान्सियल बिजनेस एण्ड प्रोफेसन्स)लाई नियामकीय दायरामा ल्याउन नसकेको पनि निष्कर्ष पनि उक्त मूल्यांकनले निकालेको थियो ।

सम्पत्ति शुद्धीकरण मामलामा नेपाल उच्च जोखिममा रहे पनि त्यसको अनुसन्धान, जाँचबुझ तथा मुद्दा अभियोजन निकै फितलो छ । त्यस्तै सम्पत्ति शुद्धीकरण निवारणसँग सम्बन्धित कानुन तल्लो तहसम्म कार्यान्वयनमा जान नसक्नु नेपालको कमजोरी रह्यो । नेपालमा वित्तीय संस्थाको नियामकका रूपमा नेपाल राष्ट्र बैंकले काम गरिरहेको छ । तर गैरवित्तीय पेसा तथा व्यवसायका लागि छुट्टै नियामकीय निकाय अझै बनिसकेको छैन । बैंक तथा वित्तीय संस्थामा पनि लाभसहितको स्वामित्व (बेनिफिसियल अनरसिप) र राजनीतिक संलग्नता भएका व्यक्ति (पोलिटिकल्ली एक्सपोज्ड पर्सन)को लगानी लाई एपिजीले चुनौतीका रूपमा देखाएको थियो । अर्कोतर्फ साना वित्तीय संस्थामा 'एएमएल सिएफटी'सँग सम्बन्धित औजारहरू निकै कम मात्रामा प्रयोग भएको र ती प्रणाली आधुनिक प्रविधिमा आधारित हुन नसकेको जनाइएको थियो ।

नेपाल सम्पत्ति शुद्धीकरणको ग्रे लिस्टमा पर्दा देशको वित्तीय प्रणालीमा गम्भीर असर पर्ने जानकारहरू बताउँछन् । खैरो सूचीमा पर्नुको अर्थ देशभित्र वित्तीय अपराधहरू बढिरहेका छन् भन्ने सन्देश जान्छ र जसले नेपालप्रति अन्तर्राष्ट्रिय विश्वास घटाउँछ । यसका कारण अन्तर्राष्ट्रिय बैंकिङ प्रणालीसँगको सम्बन्ध बिग्रन गई वैदेशिक व्यापारमा अवरोध उत्पन्न हुने र कारोबार प्रक्रिया जटिल हुन जान्छ ।

अर्कोतर्फ हुन्डी कारोबार बढ्न गई विप्रेषण प्रणाली प्रभावित हुनपुग्छ । वैदेशिक सहायता तथा प्रत्यक्ष विदेशी लगानीमा गिरावट आउन सक्ने सम्भावना पनि उत्तिकै रहन्छ । जसले समग्र अर्थतन्त्रमा नकारात्मक प्रभाव पार्छ । वित्तीय साख कमजोर हुँदै जाँदा नेपाली नागरिक र सरकारको सम्पत्ति जोखिममा पर्न सक्छ । जसले पुँजी पलायनलाई तीव्र बनाउँछ । अन्ततः अनौपचारिक अर्थतन्त्रको आकार विस्तार भई देशको वित्तीय तथा मौद्रिक नीतिहरूको प्रभावकारिता घट्छ । परिणामस्वरूप, आर्थिक स्थायित्व कमजोर हुँदै जान्छ र दीर्घकालीन रूपमा देशको विकासक्रममा अवरोध उत्पन्न हुन्छ ।

एफएटिएफको चौथो पूर्ण बैठकले नेपालसँगै अल्जेरिया, अंगोला, बुल्गेरिया, बुर्किना फासो, क्यामरुन, कोट दिभ्वार, लोकतान्त्रिक गणतन्त्र कंगो, केन्या, लाओस (पिडिआर), मोनाको, मोजाम्बिक, नामिबिया, नाइजेरिया, दक्षिण अफ्रिका, दक्षिण सुडान, सिरिया, भेनेजुएला र भियतनामको समीक्षा गरेको थियो । यसैबीच, बोलिभिया, हाइटी, लेबनान, भर्जिन आईसल्याण्डस र येमनले आफ्नो प्रगतिबारे प्रतिवेदन पेस गर्न ढिलाइ गरेको एफएटिएफले जनाएको छ । समीक्षापछि बुर्किना फासो, मोजाम्बिक, नाइजेरिया र दक्षिण अफ्रिकालाई यो सूचीबाट निकालिएको छ । *रासस*

**युएइमा रोजगार** कम्पनी : BINAYAT AL ARABIAH BULDING MAINTENANCE

पूर्व स्वीकृति मिति : २०८१/०५/१२ पुन: विज्ञापन स्वीकृति मिति : २०८२/०७/०७ LT. No. 309611 चलानी नं. ६०२२४३००

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaning | 9 | 0 | 1200 | ४५,८११ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कातिक १६ गते (2nd Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ११७३/०७३/०७४
E.U.Bright Future Pvt. Ltd. (PRESTIGE H.R. SOLUTION PVT.LTD.)
Tokha Municipality-10, Kathmandu, Nepal, Tel: 01-4975111, Email: eubrightfuture626@gmail.com

**कतारमा रोजगार** कम्पनी : MADINA GROUP WLL

पूर्व स्वीकृति मिति : २०८२/08/०५ पुन: विज्ञापन स्वीकृति मिति : २०८२/०७/०७ LT. No. 327424 चलानी नं. ६०२४१२४६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Technician | 9 | 0 | 1200 | ४६,२६७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Supervisor | 5 | 0 | 3000 | १,१५,६६८ | | | | | | | |
| 3. | Labourer/helpers | 3 | 0 | 1000 | ३८,५५६ | | | | | | | |
| 4. | Driver | 1 | 0 | 1400 | ५३,९७९ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कातिक १५ गते (1st Nov. 2025) मा हुनेछ ।
नोट : ३२७४२४ लट नम्बरको विज्ञापन मिति २०८२ कातिक ८ गते (25th Oct. 2025) मा प्रकाशन हुनुपर्नेमा प्राविधिक कारण छुटन गएकोले आज मिति २०८२ कातिक ९ गते (26th Oct. 2025) मा प्रकाशन गरिएको व्यहोरा अनुरोध छ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 407/060/61
Seagull International Global H.R. Consultants Pvt. Ltd.
Sukedhara, Kathmandu, Nepal, Tel: 01-4375822/4375824, Mob: 9808818851, 9816060051, 9851015421, 9746458492, 9841781155, E-mail : cm.seagull55@gmail.com, Web: www.seagullnepal.com.np

**साउदीमा रोजगार** कम्पनी : JAWA HUMAN RESOURCES COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०७/०२ LT. No. 332717 चलानी नं. ६०२४६३८३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Binding Collection Machine Operator | 1 | 0 | 2000 | ७४,७७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कातिक १६ गते (2nd Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

License No.: 646/063/064
Career International Services (P.) Ltd.
धुम्बाराही, पिपलबोट, काठमाडौं, फोन : ४००९६४१, ४००९६४३, Email : info@career-intl.com, Website : www.career-intl.com

**साउदीमा रोजगार** कम्पनी : TRIPLE ARROW GENERAL CONTRACTING ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८२/०६/३० LT. No. 332485 चलानी नं. ६०२४६३७९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labouers | 29 | 0 | 1000 | ३७,३८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : REDHA HUSSEIN BIN ALI AL-KHUNAIZI GENERAL CONTRACTING ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८२/०६/३१ LT. No. 332653 चलानी नं. ६०२४६३७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loaders | 4 | 0 | 1000 | ३७,३८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : REDHA HUSSEIN BIN ALI AL-KHUNAIZI GENERAL CONTRACTING ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८२/०६/३० LT. No. 332486 चलानी नं. ६०२४६३७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loaders | 4 | 0 | 1000 | ३७,३८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कातिक १६ गते (2nd Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

TRIPLE STAR EMPLOYMENT PVT. LTD.
Samakhusi-29, Kathmandu, Nepal Tel: +9771 4353826,4359552,
Mob No.: 9802011164, 9846026291, 9849881033 & 9814388624
श्रम इजाजत नं. ७३८/०६५/०६६

**कतारमा रोजगार** कम्पनी : AMSUA TRADING & CONTRACTING

पूर्व स्वीकृति मिति : २०८२/०३/१९ पुन: विज्ञापन स्वीकृति मिति : २०८२/०७/०३ LT. No. 326684 चलानी नं. ६०२४०६३२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Plumber | 3 | 0 | 1200 | ४६,०९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Labour | 2 | 0 | 1000 | ३८,४१३ | | | | | | | |
| 3 | BUILDING WORKER/MASON | 3 | 0 | 1000 | ३८,४१३ | | | | | | | |
| 4 | Supervisor | 1 | 0 | 2500 | ९६,०३२ | | | | | | | |
| 5 | Cashier | 0 | 1 | 1500 | ५७,६१९ | | | | | | | |
| 6 | PLASTER WORKER (MASON) | 2 | 0 | 1200 | ४६,०९६ | | | | | | | |
| 7 | ADMIN SUPERVISOR | 0 | 1 | 2700 | १०३७१५ | | | | | | | |
| 8 | Electrician. | 3 | 0 | 1200 | ४६,०९६ | | | | | | | |
| 9 | BUSINESS EXECUTIVE FEMALE | 0 | 1 | 2500 | ९६,०३२ | | | | | | | |
| 10 | Representative/Pro | 1 | 0 | 2500 | ९६,०३२ | | | | | | | |
| 11 | Casher | 0 | 1 | 1500 | ५७,६१९ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कातिक ११ गते (28th Oct. 2025) मा हुनेछ ।
नोट : ३२६६८४ लट नम्बरको विज्ञापन मिति २०८२ कातिक ४ गते प्रकाशन हुनुपर्नेमा तिहार (पर्व) परेको कारणले आज मिति २०८२ कातिक ९ गते प्रकाशन गरिएको जानकारी गरिन्छ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १५२६/०७४/०७५
Himalayan Valley Nepal Pvt.Ltd.
Gausala-9, Kathmandu, Nepal, Tel: +977-1-4110403, 4110453, Mobile: 9801035459
E-mail : hvnepal75@gmail.com, hvnepal2019@gmail.com, Web: www.hvnepal.com

# छठमा धाप ड्यामको पानी बगाएर बागमतीको बहाव बढाइँदै

■ प्रगति ढकाल

**काठमाडौं–** हिन्दूहरूको दोस्रो ठूलो पर्व तिहारको रौनक सकिएसँगै अब भने छठ पर्वको तयारी भइरहेको छ । तराईमामात्रै मनाइने छठ पर्व आजभोलि राजधानीमै बाक्लिँदै गएको छ ।

स्वदेशमामात्रै होइन, विदेशी भूमिमा छरिएर बस्नेका लागि छठ पर्वको उत्तिकै रौनक छाएको देखिन्छ । आस्था, विश्वास र सद्भावको पर्वका रूपमा मनाइने छठ पर्व भोलि सोमबार देशभर मनाइने तयारी भइरहेको छ । छठ पर्वलाई लक्षित गर्दै गाउँघर, टोलतिरका पोखरी तथा नदीहरूको सरसफाइको काम चलिरहेको छ । उपत्यकामा छठ पर्व मनाउने तयारीका साथ बागमती नदीलाई सरसफाइ गर्ने गरिन्छ ।

यसैगरी अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिअन्तर्गत बागमती सुधार आयोजनाले छठ पर्वमा धाप ड्यामको पानी बागमती नदीमा बगाउने तयारी गरिरहेको छ । बागमती नदीको पानीको बहाव बढाउन र व्रतालुलाई स्नानका लागि सहज होस् भनेर आयोजनाले ड्याममा जम्मा भएको पानी नदीमा छोड्ने तयारी गरेको हो ।



उपआयोजना निर्देशक तथा सूचना अधिकृत उद्धव नेपालले आज (आइतबार) मध्याह्नदेखि नै पानी नदीमा छाड्ने तयारी भइरहेको जानकारी दिए । 'धाप ड्यामको पानी छाडेपछि पशुपति क्षेत्रसम्म आइपुग्नका लागि १४ घण्टा लाग्छ, त्यसर्थ हामीले अघिल्लो दिनबाटै पानी छोड्ने तयारी गरेका हौं,' उनले भने, 'विशेष दिनहरूमा हामीले ड्यामको पानी बागमतीमा छाड्दै आएका छौं ।'

## प्रतिसेकेण्ड ४०० लिटर पानी छाड्ने

समितिले बागमती नदीमा प्रतिसेकेण्ड ४०० लिटर पानी छठ पर्वका दुई दिनसम्म छाड्ने तयारी गरिरहेको छ । 'यसरी पानी छाड्दा बागमती नदीमा घुँडासम्म पानी आउँछ र व्रतालुलाई नदीमा स्नान गर्न र अर्घ्य चढाउन सहज हुने छ,' नेपालले भने, 'मेलम्ची खानेपानी विकास समितिसँग पानी छाड्नका लागि आग्रह गर्नेछौं ।'

मेलम्ची खानेपानी विकास समितिका कार्यकारी निर्देशक जगरनाथ दासले मेलम्ची नदीमा छठकै अवसरमा पानी छाड्नका लागि आधिकारिक रूपमा माग भएमा आवश्यकताअनुसार पानी छाड्न सकिने बताए ।

मनसुनजन्य विपद्बाट मेलम्ची खानेपानी आयोजनालाई जोगाउनका लागि हरेक वर्ष आयोजना नै बन्द हुने गरेको छ । आयोजना बन्द भएको समयमा धाप ड्यामकै पानी ल्याएर काठमाडौंका उपभोक्तालाई वितरण हुँदै आएको थियो ।

सुन्दरीजल खानेपानी प्रशोधन परियोजनाका प्रमुख हेम बुढाथोकीले अहिलेसम्म आधिकारिकरूपमा बागमती नदीमा पानी छाड्नका लागि माग नभएको बताए । 'गत वर्षको मनसुन अवधिमा मेलम्ची बन्द हुँदा हामीले धाप ड्यामकै पानी सापटी लिने गरेका थियौं र छठजस्ता महत्त्वपूर्ण पर्वमा मेलम्चीको पानी बागमतीमा बगाएर बहाव बढाउन सहयोग गरेका थियौं,' उनले भने, 'यस वर्ष भने हामीले धाप ड्यामबाट सापटी पानी ल्याएका छैनौं, तर आधिकारिक रूपमा माग भएमा पानी छाड्न सक्छौं ।'

अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिका अनुसार छठ पर्व छिटो परेको र दसैं अवधिमा भएको भारी वर्षाका कारण यस वर्ष बागमती नदीमा पानीको बहाव धेरै घटेको छैन । आवश्यकता परेमामात्रै मेलम्चीबाट पानी मागेर बगाउन सकिने समितिको भनाइ छ ।

## धाप ड्याम एकः महत्त्व अनेक

काठमाडौं उपत्यकाको पूर्वोत्तर गोकर्णेश्वर नगरपालिका-१ स्थित शिवपुरी नागर्जुन राष्ट्रिय निकुञ्ज क्षेत्रमा पर्ने धाप ड्याम धार्मिक, सांस्कृतिक र ऐतिहासिक दृष्टिले महत्त्वपूर्ण रहेको छ । यससँगै ड्यामले बागमती नदीमा पानीको बहाव बढाएर नदीको सौन्दर्यता कायम गर्न सहयोग पुगेको समितिले जनाएको छ ।

धाप ड्यामको निर्माण कार्य सम्पन्न भइसकेपछि ड्याम अवलोकन गर्न जाने आन्तरिक तथा बाहय पर्यटकको चहलपहल बढ्दै गएको समितिले जानकारी दिएको छ । काठमाडौंको चाबहिलबाट करिब ३५ किलोमिटर दूरीमा रहेको यो ड्यामको अवधारणा झण्डै एक दशकअघि सुरु भएको थियो । तीन वर्षअघि यसको उद्घाटन गरिएको हो ।

शिवपुरी-नागार्जुन राष्ट्रिय निकुञ्जका सूचना अधिकृत शिवलाल गैरेले धाप ड्याम निर्माण भएपछि आन्तरिक तथा बाहय पर्यटकको चहलपहल बढेको जानकारी दिएका छन् । 'पहिलाको भन्दा अहिले धेरै नै चहलपहल बढ्न थालेको छ, धाप ड्यामको सौन्दर्यता हेर्न आउने पर्यटकहरू प्रायः ट्रेकिङ रुटबाट हिंडेर आउने गर्छन्,' उनले भने, 'सडक पूर्वाधार राम्रो भएमा अझै पर्यटक आगमन बढाउन सकिन्छ, यसका लागि सरोकारवाला निकायबीच समन्वय बढाउन आवश्यक छ ।'

धाप ड्याममा वर्षाको समयमा आकाशबाट परेको पानी जम्मा गर्ने र हिउँदको समयमा बागमती नदीमा छाड्ने लक्ष्यका साथ आयोजना निर्माण गरिएको थियो । वर्षात्को समयमा यहाँ जम्मा गरिएको पानी हिउँदमा प्रतिसेकेण्ड ४०० लिटरको दरले बागमतीमा छाड्ने आयोजनाको लक्ष्य थियो ।

एसियाली विकास बैंकको ८९ करोड रूपैयाँ सहयोगमा निर्माण भएको जलाशययुक्त धाप ड्यामबाट मुख्य पर्वहरूमा बागमती नदीमा पानी छाड्ने गरिन्छ । ड्यामको लम्बाइ १७४.७ मिटर र चौडाइ आठ मिटर रहेको छ । बाँध निर्माणपछि बनेको जलाशयको क्षेत्रफल १५ हेक्टर रहेको छ ।

## दैनिक पानी छाड्न सम्भव भएन

धाप ड्याममा जम्मा भएको पानी हिउँदको सुक्खा अवधिभर दैनिक रूपमा बागमती नदीमा पानी छाड्ने सरकारको लक्ष्य कार्यान्वयनमा चुनौती देखिएको छ । नदीको बहाव बढाउन आवश्यकताअनुसार ड्याममा पानी जम्मा हुन नसकेपछि दैनिकरूपमा पानी छाड्न नसकिएको उपनिर्देशक नेपालले बताए । 'हिउँदको सुक्खा अवधिमा बागमतीमा पानीको बहाव बढाउनका लागि प्रतिसेकेण्ड ४० लिटर पानी बगाउने योजना बनाएका थियौं, तर त्यो परिणामले खासै उपलब्धि नदिने रहेछ,' उनले भने, 'परिणाम देखिन प्रतिसेकेण्ड ४०० लिटर पानी आवश्यक पर्छ, तर त्यति बगाउन ड्यामको क्षमता नभएकाले सुक्खा अवधिमा दैनिक पानी बगाउन सकेनौं ।'

## छठ पर्वको महत्त्व

छठ पूजा विशेषगरी नेपालका तराई क्षेत्रका नेपालीको प्रमुख पर्व हो । यो पर्व सूर्य उपासनासँग सम्बन्धित छ । यस पर्वमा महिलाले सूर्यदेव र छठी माताको आराधना गर्दै आफ्नो परिवारको कल्याण र समृद्धिको कामना गर्छन् ।

छठ पर्व चार दिनसम्म चल्ने गर्छ । यस पर्वमा निष्ठा, पवित्रता र अनुशासनको विशेष महत्त्व हुन्छ । छठ पूजा कात्तिक शुक्ल चतुर्थीदेखि सुरु हुन्छ र सप्तमीका दिन सम्पन्न हुन्छ । यसमा नुहाउने, खाने, खरना, सन्ध्या अर्घ्य र बिहानको अर्घ्य दिनेजस्ता विभिन्न चरण हुन्छन् । मानव र प्रकृतिबीचको सम्बन्ध सुदृढ गर्ने पर्वका रूपमा छठलाई लिने गरिन्छ । *रासस*

# छठ पर्वअन्तर्गत पहिलो दिन नहाय खाय विधि सम्पन्न

**धनुषा–** मिथिलाञ्चनको महान चाड चार दिवसीय छठ पर्वअन्तर्गत शनिबार 'नहाय खाय' विधि सम्पन्न गरिएको छ । मधेस प्रदेश राजधानी जनकपुरधामस्थित विभिन्न ठाउँमा व्रतालु महिलाले सूर्यदेवको आराधना गर्दै जलासयमा नुहाएर चोखो पकवान ग्रहण गरी पवित्र नहाय खाय विधि गरेका सम्पन्न हुन् ।

यस विधिअन्तर्गत व्रतालुले नदी, पोखरी वा धारामा स्नान गरी शुद्ध भई अरवा चामल र लौकाको तरकारीको प्रसाद ग्रहण गर्ने परम्परा रहेको व्रतालु क्षीरेश्वरनाथ नगरपालिका-५ महेन्द्रनगरकी गीतादेवी साहले बताइन् ।

छठ पर्वको पहिलो दिन नहाय खाय सम्पन्न गरेपश्चात् व्रतालुले सूर्योपासना गर्दै चार दिनसम्मको कठिन व्रत सुरु गर्ने प्रचलन छ । चार दिवसीय छठअन्तर्गत कठोर व्रतको पहिलो दिन शनिबार नाहाय खाय, दोस्रो दिन आइतबार खरना, तेस्रो दिन सोमबार अस्ताउँदो सूर्य र अन्तिम दिन मंगलबार उदाउँदो सूर्यलाई अर्घ्य दिने प्रचलन छ ।

तराई मधेसवासीको मुख्य चाड छठ पर्वलाई उत्साहका साथ मनाउनका लागि तयारी अन्तिम चरणमा रहेको स्थानीय पुनम झाले बताइन् । पोखरी र घाटको सरसफाइ, सजावटलगायत अन्य व्यवस्थापनका काम तीव्र गतिमा भइरहेका उनले जानकारी दिइन् । यसैगरी स्थानीय बजारमा छठका लागि केरा, नरिवल, नवैधलगायत आवश्यक पूजा सामग्री खरिदका लागि निकै भीडभाड बढेको छ । *रासस*



**बिस्कुन सुकाइँदै** | काठमाडौंको कीर्तिपुरमा शनिबार बिस्कुन सुकाउँदै स्थानीयबासी । *तस्बिरः रासस*

# कामपाले थाल्यो 'सिल्भर भोलिन्टियर कार्यक्रम'

**काठमाडौं (प्रस)–** काठमाडौं महानगरपालिकाले ४५ वर्षमाथिका अनुभवी र परिपक्व नागरिकको ज्ञान, सीप र क्षमतालाई समाज र सहर विकासमा भरपुर उपयोग गर्ने मुख्य उद्देश्यले 'सिल्भर भोलिन्टियर कार्यक्रम' सुरु गरेको छ ।

कामपाले विभिन्न क्षेत्रमा लामो अनुभव हासिल गरेका नागरिकलाई अवकाशपश्चात् पनि समाज र देशको विकासमा योगदान दिने अवसर प्रदान गर्न यो कार्यक्रम ल्याइएको कामपा सहरी योजना आयोगका सचिवालय सदस्य विवेक बास्तोलाले जानकारी दिए ।

'सिल्भर भोलिन्टियर कार्यक्रम' का सन्दर्भमा योजना आयोगका सचिवालय सदस्य विवेक बास्तोला भन्छन्, 'तपाईं ४५ वर्ष पूरा हुनुभएको छ ? जागिर वा व्यवसायबाट अवकाश लिनुभएको छ ? अवकाशपछि विश्रामभन्दा पनि समाजका लागि केही योगदान गर्ने सोच छ भने आउनुहोस् सँगसँगै महानगरको विकासमा हातेमालो गरौं ।'

कार्यक्रममार्फत शिक्षा, स्वास्थ्य, सरसफाइ, वातावरण, प्रशासन, सहरी विकास, सम्पदा संरक्षणलगायतका क्षेत्रमा कामपासँग मिलेर काम गर्न सकिने जनाइएको छ । महानगरले 'कामपा-सिल्भर-भोलिन्टियर-कार्यविधि' बमोजिम आवेदन आह्वान गरेको हो । कार्यविधिमा उल्लेख भएअनुसार योग्यता पुगेका नागरिकले अनलाइन लिंकमार्फत आवेदन दिन सक्ने व्यवस्था गरिएको छ ।


**राष्ट्रिय दुग्ध विकास बोर्ड**
**हरिहरभवन, ललितपुर ।**

**दूध तथा दुग्ध पदार्थको उपभोग बढाउन सुचनामुलक सन्देश प्रसारण कार्य गर्नको लागि सिलबन्दी दरभाउपत्र आव्हान**

**सूचना प्रकाशित भएको मिति : २०८२।०७।०९**

१. राष्ट्रिय दुग्ध विकास बोर्ड, हरिहरभवन, ललितपुर, दूध तथा दुग्ध पदार्थको उपभोग बढाउन सूचनामुलक सन्देश प्रसारण गर्न मू.अ.करमा दर्ता तथा सम्वन्धित निकायबाट इजाजत प्राप्त योग्य इच्छुक विज्ञापन एजेन्सीबाट सो सेवा प्राप्त गर्नुपर्ने भएकोले यो सिलबन्दी दरभाउपत्रको सूचना आव्हान गरिएकोछ ।
२. यस सम्बन्धी थप जानकारीको लागि इच्छुक दरभाउपत्रदाताले बोर्डमा वा टेलिफोन ०१-५४२५४०० मा सम्पर्क राख्न सक्नेछन् ।
३. दरभाउपत्र सम्बन्धी कागजात यस बोर्डबाट लिखित निवेदन पेश गरी मिति २०८२।०७।२३ गते कार्यालय समय भित्रदस्तुर रु १,०००/- तिरी प्राप्त गर्न सक्नेछन् । यस्तो निवेदनको साथमा कम्पनी/फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपी र कागजातको दस्तुर (फिर्ता नहुने) पेश गर्नु पर्नेछ ।
४. सिलबन्दी गरिएको दरभाउपत्र यस बोर्डमा २०८२।०७।२४ गते दिनको १२:०० बजे भित्र बुझाउनु पर्नेछ ।
५. तोकिएको समयभित्र रितपुर्वक पेश भएका दरभाउपत्रहरु उपस्थित हुन चाहेका दरभाउपत्रदाता वा प्रतिनिधिको रोहबरमा यस बोर्डमा २०८२।०७।२४ गते दिनको १:०० बजे खोलिनेछ ।
६. दरभाउपत्र खोलिएको दिनदेखि गणना हुने गरी कम्तिमा ४५ दिनसम्मको लागि मान्य हुनुपर्नेछ । दरभाउपत्रको साथ कम्तिमा रु. २५,०००/- बराबरको बोलपत्र जमानत पेश गर्नु पर्नेछ र सो को मान्य अवधि दरभाउपत्रको मान्य हुने अबधिभन्दा कम्तिमा पनि ३० दिन बढी हुनु पर्नेछ ।
७. दरभाउपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट हुनेछ ।



**Kitini Secondary School**
**Godawari -03, Lalitpur**

**Invitation for Sealed Quotation for the Contruction Works**

**Date of Publication: 26th October 2025 (2082-07-09)**

1. The **Kitini Secondary School, Godawari-03, Lalitpur** invites sealed Quotation from eligible bidders for the Construction of **Finishing works of Kitini School Block C Building** The bidder may submit the sealed Quotation for **Finishing works of Kitini School Block C Building**. Bidding is open to all eligible Bidders.
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of **Kitini Secondary School, Godawari-03, Lalitpur**
   Phone: 9841417271
   Email: **kitinischool2004@gmail.com**
   Sealed Quotation must be submitted to the office **Kitini Secondary School** on or before **as shown in the table below**. Documents received after this deadline shall not be accepted.
3. Sealed Quotations documents may be purchased from the office of **Kitini Secondary School, Godawari- 03, Lalitpur** and by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee **as shown in table below**.
   Bank Information:
   Name of the Bank: **Nepal Bank Limited,**
   Name of Office: **Kitini Secondary School, Lalitpur**
   Office Account no.: **03400100073192000001**
4. Sealed Quotations shall be opened in the presence of Bidders' representatives at **specified date and time as shown in table below at** the office of **Kitini Secondary School, Godawari- 03, Lalitpur**. Bids must be valid for a period of **(45 days for Sealed Quotation)** counting from the day of bid opening and must be accompanied by bid security, amounting to a minimum of as specified in the table below for each package, which shall be **valid for minimum 30 days** beyond the bid validity period (bid validity period 75 Days for SQ).
   If the Bidder wishes to submit the **Bid Security in the form of cash**, the cash should be deposited in **Nepal Bank Limited, Thaiba, Lalitpur** in Account: **03400100073192000001** and submit the receipt of the deposited amount of cash along with the bid & Quotation.
5. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered the last day. In such a case the bid validity and bid security validity shall be recognized with effect from the original bid submission deadline.
6. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.
7. Bidders are requested to submit the Bid Security as package wise as specified in the table below.
8. Any provisions which are not mentioned in this notice will be consistent with Public Procurement Act. (PPA), 2063 / Public Procurement Regulations (PPR), 2064 and other prevailing Nepalese Rules.

| Contract No. | Bidding Method | Contract Name | Last date of bid document purchasing | Last date and time of bid submission | Bid opening date and time | Bid Security (Rs) | Bid document fee (Rs) |
|---|---|---|---|---|---|---|---|
| Kitinischool /SQ/Works/ 01-082/83 | SQ | Finishing work of Kitini School Block C Building, Godawari-03,Lalitpur (Estimate Amount: Rs. 1,722,342.45 without VAT and Contingency) | 9th Nov.2025 Office: Hrs | 10th Nov. 2025 -12:00 Hrs | 10th Nov 2025 -14:00 Hrs | 50,000/- | 1000/- |

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# आन्दोलन रोकौं, संवादमार्फत निकास खोजौं

**जेन–जी विद्रोहपछि उलटपुलट भएको मुलुकको राजनीतिले कुन दिशा लिने हो अनिश्चित छ । सरकारले फागुन २१ मा प्रतिनिधिसभा निर्वाचन घोषणा गरिसकेको भए पनि निर्वाचन हुनेमा आशंका छ । निर्वाचन हुनका लागि राजनीतिक दलहरू तयार हुनुपर्छ । दलहरूको सहभागिताविना निर्वाचन सम्भव हुने कुरै भएन । तर, राजनीतिक दल र वर्तमान सरकार नेतृत्वबीचको दूरी थप बढ्ने संकेतहरू देखिँदै छ । यद्यपि, उक्त दूरीलाई छोटयाउने पहल राष्ट्रपतिबाट भइरहेको छ । यो सकारात्मक पक्ष भए पनि पर्याप्त भने होइन ।**

**त्यसो त सरकारले निर्वाचनको तयारी अगाडि बढाइसकेको छ । निर्वाचन आयोगले निर्वाचनलक्षित तयारीहरूलाई अगाडि बढाएको छ । निर्वाचनका लागि कार्यतालिका सार्वजनिक गरिसकेको छ । मतदाता नामावली दर्ता र नयाँ दल दर्ताको क्रम धमाधम चलिरहेको छ । यसले निर्वाचन तोकिएकै मितिमा हुन्छ भन्ने थोरै विश्वास जगाउने काम गरेको छ । यहीबीच विभिन्न पक्ष भने आन्दोलनको तयारीमा लागेका छन् । जसले निर्वाचन बिथोल्ने मात्रै नभई पुनः अर्को हिंसातर्फ मुलुकलाई अग्रसर गराउने त्रास बढाएको छ ।**

**जेन–जी विद्रोहपछि पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा सरकार गठन भएको डेढ महिना नबित्दै देश फेरि आन्दोलनको भुमरीमा फस्ने संकेत देखिएको छ । चुनावी माहोल बनाउन सरकारलाई सकस परिरहेको अवस्थाबीच मुलुकले बहुपक्षीय आन्दोलनको सामना गर्नुपर्ने सम्भावना बढेको हो । यसले सरकारलाई नै त्रसित बनाएको अवस्था छ । विभिन्न पक्ष सडक प्रदर्शनमा आउन लाग्दा परिस्थिति जटिल बन्न सक्ने आकलन सरकारले गरेको छ । चारवटै सुरक्षा निकायका प्रमुखहरूले पनि सरकारलाई घोषित आन्दोलनहरूले सुरक्षा चुनौती बढाउनसक्ने 'ब्रिफिङ' गरेका छन् ।**

**संक्रमणकालीन अवस्थामा आफ्नो माग पूरा गराउने उद्देश्यले विभिन्न समूह सक्रिय हुनु स्वाभाविक हो । सरकारले सबै पक्षलाई संवादमा ल्याएर आन्दोलनलाई हिंसात्मक बनाउन रोक्नेतर्फ कदम अगाडि बढाउनुपर्छ । जति ठूला र जटिल माग भए पनि संवादमार्फत समाधान निकाल्न सकिने धेरै उदाहरण छन् । भर्खरैको आन्दोलनबाट खर्बौंको भौतिक, आर्थिक तथा ठूलो संख्यामा मानवीय क्षति बेहोरेको मुलुकले फेरि अर्को आन्दोलन थेग्न सक्दैन । आन्दोलनमा जानेपक्षले पनि यो कुराको हेक्का राख्न जरुरी छ । शान्तिपूर्णरूपमा संवादमार्फत आफ्नो माग राख्ने र समाधान निकालेर मुलुकलाई दीर्घकालीन शान्तिको बाटोमा अगाडि बढाउने जिम्मेवारी सबैको हो । यो जिम्मेवारी बोध सबैले गर्नुपर्छ । एकले अर्कोलाई सिध्याउने खेलमा लाग्दा मुलुक द्वन्द्वमा फसिरहने नै हो । यसले कसैलाई पनि फाइदा गर्दैन । साँच्चै मुलुक र जनताको हित चाहने हो भने सबैले संवादमार्फत नै निकास खोज्नु उत्तम हुन्छ । यसको वातावरण सरकारले बनाओस् । राजनीतिक दलहरूले यसमा भूमिका खेलोस् ।**

# छठ पर्वको सामाजिक र प्राकृतिक महत्त्व



शीतलप्रसाद महतो

> महापर्व छठले पवित्रता, स्वच्छता र सफाइको महत्त्वमा जोड दिएको छ, यी स्वास्थ्य र निरोगिताका लागि अनिवार्य छन् । यस पर्वले पर्यावरणको सन्तुलन र संरक्षणको सन्देश पनि दिएको छ, जो प्राणी जगत्का लागि आवश्यक छ । प्रकृतिप्रति आदर भावको उद्देश्य पर्यावरणको संरक्षणका सन्दर्भमा जनचेतना जागृत गर्नमा पनि यो पर्वको महत्त्वपूर्ण भूमिका छ । प्रकृति सबैको हो । यो सामूहिक सम्पदा हो, यसको उपयोग सबैले गर्न पाउनुपर्छ र कुनै पनि आधारमा कसैलाई पनि प्रकृतिको सदुपयोगबाट वञ्चित गरिनु हुँदैन भन्ने सन्देश पनि यस पर्वले दिन्छ ।

श्रद्धा, भक्ति र सम्पूर्ण तराईको साझा सांस्कृतिक प्रतिविम्बको पहिचानको रूपमा मनाइने छठ पर्व धार्मिक परम्पराअनुसार हर्षोल्लासका साथ मनाइँदै छ । सत्य, अहिंसाप्रति मानवको रूचि बढाउने र सबै जीवप्रति सहानुभूति राख्न अभिप्रेरित गर्ने तराईवासीहरूको महान चाड हो, छठ पर्व । तराईका सबै जातजातिले साझा रूपमा मनाउने यस पर्वको विशेषता हो । सूर्य उपासना परम्पराको मोहक पद्धति मानिएको संसारमा यही एक यस्तो पर्व हो जसमा अस्ताउँदो र उदाउँदो सूर्यलाई पूजा गरिन्छ ।

सूर्य उपासना गरिने यो पर्वमा परिवारको ज्येष्ठ महिला वा बुहारीको नेतृत्वमा चार दिनसम्म मनाइन्छ । छठ पर्वको आरम्भदेखि अन्त्यसम्म गीतको ध्वनि गुञ्जिरहन्छ । पिठो पिँध्दा, परिकार बनाउँदा, पूजा सामग्री नदी, पोखरी वा जलाशयसम्म लैजाँदा, पूजा चलिरहँदा र सूर्य देउतालाई अर्घ्य चढाउने बेलामासमेत गीत गाइन्छ । कात्तिक महिनाको चौथीदेखि व्रतालु भई यो पर्व मनाउन सुरु गरिन्छ र सप्तमीको बिहान यो पर्वको समापन गरिन्छ । पहिलो दिन अर्थात् चतुर्थीका दिनलाई 'अरबा-अरबाइन' वा नहान खान भन्ने गरिएको छ । यो दिनमा व्रतालुहरूले खोला, नाला, नदी, पोखरी र तलाउलगायतका जलाशयमा गई नुहाइधुवाइ गरेर शुद्ध भई चोखो खाना खाने गर्छन् । व्रतीले भोजनमा माछामासु, लसुन, प्याज र कोदोजस्तो वस्तु परित्याग गरी यसै दिनदेखि व्रत बस्न थाल्छन् । यो दिनलाई व्रतालुहरूले आँखा पनि भन्ने गरिन्छ ।

पञ्चमी तिथि (दोस्रो दिन) लाई 'खरना' (संरक्षण अर्थात् पापको क्षय) भनिन्छ । खरना छठ पर्वको अघिल्लो दिन भएकाले यो दिन व्रतालुहरू दिनभरि निर्जला व्रत बस्छन् र साँझपख नुहाएर चोखो भई आफ्नो कुलदेवता स्थापना गरेको पूजा कोठामा नयाँ चुलो स्थापना गरी प्रसाद बनाउने गरिन्छ । प्रसादको रूपमा विशेषगरी पाकेको केरा र खीरलाई लिन्छ । त्यसपछि गाईको गोबरले लिपपोत गरी अरबा चामलको पिठोबाट तयार पारिएको झोलले भूमि सुशोभित गरेर व्रतीले राति चन्द्रोदयपछि चन्द्रमालाई पायस (खीर) चढाई सोही प्रसाद ग्रहण गर्छन् । यस दिनपछि व्रतीले पूर्ण व्रत लिनुपर्दछ ।

षष्ठीका दिन (तेस्रो दिन) गहुँ र चामल ओखल, जाँतो वा ढिकीमा कुटान-पिसान गरी सोबाट निस्केको पिठोबाट विभिन्न गुलियो खाद्य सामग्री बनाइन्छ । छठ पूजाका सामग्री तयार पर्दा विशेष चनाखो हुन्छन् । पूजाका सामग्रीलाई चोखो र शुद्ध हुनुपर्दछ, जुठो हुन गएमा अनिष्ट हुने जनविश्वास छ । त्यसैले पूजा सामग्री तयार पार्दा महिलाहरूले श्रद्धापूर्वक गीत गाउने गर्छिन् ।

*केरवा ज फरल घउरस वोपर सुगा मडराय,*
*मारबौ रे सुगवा धनुषस सुगा गिरे मुरझाय ।*

छठ मातालाई चढाउने फलफूल जुठो हुनुहुन्न । छठ मातालाई चढाउने केरा सुगाले नखाउन भनेर गीतबाटै सचेत गराउन खोजिएको छ । सोही दिन अन्नबाहेक फलफूल, ठकुआ, भुसवा, खजुरी, पेरुकिया तथा मुला, गाजर, बेसारको गाँठो, ज्यामिर, नरिवल, सुन्तला, केरा, नाङ्लो, कोनिया, सरबा, ढाकन, माटोको हात्ती ठूलो ढक्कीमा राखी परिवारका सम्पूर्ण सदस्य विभिन्न भक्ति एवं लोकगीत गाउँदै निर्धारित जलाशयसम्म पुग्ने गर्छन् । यस अवसरमा व्रतालु महिलाहरूले श्रद्धापूर्वक गाउने गर्छिन्-

*हातबा मे फूलवा के डलिया, छठ पूजन जाय ।*
*छठी मैया होइब सहाय, छठ पूजन जाय ॥*

(अर्थात् हातमा फूलको डालो लिएर छठी मैयाको पूजाका लागि गइरहेका छौं, छठी माता हामीमाथि विशेष कृपा बनाइराख्नु होला)

यस पर्वमा चढाइने वस्तुहरू पनि प्रकृतिमै आधारित छन् । जस्तैः उखु, बोटसमेतको बेसार र त्यसबेला उपलब्ध अन्य कृषि-खाद्य सामग्री । यसले पनि प्रकृतिको सम्मान गर्नुपर्ने पाठ नै यस पर्वले सिकाउँछ । निर्धारित जलाशयमा पुगेर परिकारहरू जलाशयको किनारमा राख्नुअघि त्यस ठाउँ र पूजा सामग्रीलाई व्रतीले पाँचपटक साष्टांग दण्डवत् गर्छन् । त्यस ठाउँलाई पवित्र पार्न परिवारका सदस्यले पहिले नै तान्त्रिक पद्धतिअनुरूप 'अरिपन चित्र' कोरेका हुन्छन् । त्यसपछि व्रतीले सन्ध्याकालीन अर्थात् अस्ताउन लागेको सूर्यलाई प्रसादस्वरूप अर्घ्य दिनका लागि पानीमा पसेर सूर्य अस्ताउञ्जेलसम्म आराधना गर्ने गर्छन् । यस क्रममा व्रतीले दुवै हत्केलामा 'पिठार' र सिन्दूरलगाएर अक्षेता फूल हालेर अन्य अर्घ्य सामग्री पालोपालो गरी अस्ताचलगामी सूर्यलाई अर्पण गरेर डिलमा आउने गर्छन् ।

पर्वको चौथो दिन (अन्तिम दिन) लाई पारन (पार्वण) भनिन्छ । यस दिन बिहान उषाकालमा व्रत गर्नेहरू पुनः जलाशयमा पुगी अघिल्लो दिन गरेको क्रम दोहोऱ्याइ प्रात्कालीन सूर्यलाई अर्घ्य दिई पर्वको समापन गरिन्छ । अर्घ्य सम्पन्न भएपछि सूर्य पुराण श्रवण गर्ने चलन छ । व्रतीले छठ व्रतको कथा सुन्छन् र सुनाउँछन् । यस पर्वमा यथासम्भव टुप्पोमा पात भएको चारवटा उखुलाई गाडेर त्यसभित्र पूजा गर्ने चलन पनि रहेको छ । प्रात्कालीन अर्घ्यमा दीप मालाले सजिएका जलाशयमा अपूर्वको अनुभूति पनि हुन्छ ।

महाभारतका अनुसार द्रौपदीसहित पाण्डवहरू अज्ञातवासमा रहँदा उक्त गुप्तवास सफल होस् भनी सूर्यदेवलाई आराधना गरेका थिए । उक्त समयमा पाण्डवहरू मिथिलाको बिराट राजाका क्षेत्रमा बास बसेको उल्लेख छ । लोक कथनबमोजिम सोही समयदेखि छठ मनाउने परम्पराको थालनी भएको हो । सूर्य पुराणअनुसार सर्वप्रथम अत्रिमुनिकी पत्नी अनुसुयाले छठ व्रत गरेकी थिइन्, फलस्वरूप उनले अटल सौभाग्य र पतिप्रेम प्राप्त गरिन् र त्यही बेलादेखि 'छठ पर्व' गर्ने परम्पराको सुरुआत भएको तथ्य उल्लेख छ ।

छठपर्व मनाउनुको पछाडि धार्मिक मान्यतासँगै वैज्ञानिक र ज्योतिषसम्बन्धी तथ्यहरू पनि त्यत्तिकै छन् । वैज्ञानिक ज्योतिष तथा चिकित्सकहरूले पनि सूर्य तत्त्वबाट आफ्नो ज्ञानको अभिवृद्धि गरी जनकल्याणका लागि अन्वेषण गरेका छन् । संसारका सम्पूर्ण भौतिक विकास सूर्यमाथि नै आधारित छन् । तिनको शक्तिविना रुख, बिरुवा, वनस्पति, प्राणी, जीवजन्तु कसैको पनि अस्तित्व रहन सक्दैन । सूर्य किरणको चिकित्सामाथि कयौं चिकित्सकले ग्रन्थ लेखेको पाइन्छ । सूर्यको किरणबाट कयौं असाध्य तथा अक्षय रोगको आश्चर्यजनक उपचारसमेत खोजिएको छ । साम्व पुराणमा आफ्नै पिता श्रीकृष्ण तथा महर्षि दुर्वासाको सरापद्वारा कुष्ठरोगबाट पीडित साम्व सूर्यको आराधनाको फलस्वरूप रोग मुक्त हुन गएको भन्ने चर्चा छ ।

छठ पर्वमा व्रत गरे दुःख र दरिद्रताबाट मुक्ति पाइन्छ भन्ने जनविश्वास छ । यसमा झुप्पा-झुप्पा फलहरू चढाउँदा सूर्य देउता प्रसन्न भई व्रतीलाई कुटुम्बसहित सबै सन्तानको भलो हुन्छ भन्ने मान्यता छ । यस पर्वमा जो व्रत बस्न सक्दैन उसले अर्को व्रत गर्नेबाट व्रत गराउने गर्छन् । आर्थिक अभाव रहे पनि भिक्षा मागेर भए पनि यो पर्व मानिसहरू मनाउने गर्छन् । तराईवासीहरूको महान् चाड छठपर्व पछिल्लो दिनमा राष्ट्रिय मात्र होइन, अन्तर्राष्ट्रियकरणतर्फ उन्मुख भएको छ । यो महापर्व जहाँकहीं पनि विश्वमा मैथिली र भोजपुरी भाषी छन्, त्यहाँ मनाइने गरिएको छ ।

महापर्व छठले पवित्रता, स्वच्छता र सफाइको महत्त्वमा जोड दिएको छ, यी स्वास्थ्य र निरोगिताका लागि अनिवार्य छन् । यस पर्वले पर्यावरणको सन्तुलन र संरक्षणको सन्देश पनि दिएको छ, जो प्राणी जगत्का लागि आवश्यक छ । प्रकृतिप्रति आदर भावको उद्देश्य पर्यावरणको संरक्षणका सन्दर्भमा जनचेतना जागृत गर्नमा पनि यो पर्वको महत्त्वपूर्ण भूमिका छ । प्रकृति सबैको हो । यो सामूहिक सम्पदा हो, यसको उपयोग सबैले गर्न पाउनुपर्छ र कुनै पनि आधारमा कसैलाई पनि प्रकृतिको सदुपयोगबाट वञ्चित गरिनु हुँदैन भन्ने सन्देश पनि यस पर्वले दिन्छ ।

जल नै जीवन हो भन्ने महत्त्वपूर्ण सन्देश दिने यो महापर्व दसैंजस्तै वर्षमा दुईपटक मनाइन्छ । कात्तिक र चैत महिनाको शुक्लपक्षमा मनाइने यो पर्व पारिवारिक सुख, समृद्धि, पुत्र प्राप्ति र मनोकामना पूर्तिका लागि गरिन्छ । बिहान र बेलुकाको सूर्यको किरण मानव स्वास्थ्यका लागि उपयुक्त हुन्छ भन्ने सन्देश पनि यस पर्वमा निहीत छ । सूर्य र प्रकृतिले जसरी कसैप्रति भेदभाव गर्दैन । त्यसरी नै छठपर्वले पनि कसैलाई भेदभाव गर्दैन । सबै जातजातिले साझा रूपमा मनाउने यस पर्वप्रतिको आस्थामा कसैमा विभेदको अनुभूति हुँदैन । *रासस*

## श्रम सरोकार

# वैदेशिक रोजगारीका क्रममा समस्यामा परे के गर्ने ?

वैदेशिक रोजगारीका क्रममा विभिन्न समस्या आइपर्न सक्छन् । त्यसैले त्यस्ता सम्भावित समस्याप्रति पहिले नै सतर्क रहनुपर्छ । कुन समस्या आउँदा कहाँ सम्पर्क गर्ने भन्नेबारे पूर्वतयारीका साथ रहनुपर्छ । रोजगारदाता वा कार्यस्थलमा कुनै पनि कुरामा चित्त नबुझेमा नेपाली दूतावासमा गई उजुरी गर्नुपर्छ । तपाईंले त्यहाँको श्रम मन्त्रालयको कानुन उल्लंघन शाखामा पनि उजुरी गर्न सक्नुहुन्छ । उजुरी दर्ता गर्न कुनै शुल्क तिर्नुपर्दैन । उजुरीका लागि तपाईंसँग राहदानी तथा करारनामाको प्रतिलिपि हुनु आवश्यक हुन्छ । उजुरी दर्ता भएपछि त्यो आधिकारिक हुन्छ । समस्या समाधान नभएसम्म तपाईंलाई उनीहरूले देशनिकाला गर्न मिल्दैन । यद्यपि, राजदूतावासले खटाएको वकिललाई आफ्नो वारेसनामा दिई स्वेच्छाले त्यो देश छोड्न सक्नुहुन्छ । तपाईंलाई थाहा नदिई रोजगारदाताले तपाईंको प्रवेशाज्ञा रद्द गराएको अवस्थामा पनि यस्तै वारिसनामा दिई त्यो देश छाड्न सक्नुहुन्छ ।

नेपालमा भएका सहयोगी संस्थाहरूको टेलिफोन नम्बर साथमा राख्नुहोस् । नेपाली दूतावास वा त्यहाँको श्रम मन्त्रालयसम्म तपाईं जान सक्नुहुन्न भने तपाईंका लागि यस्ता संस्थाहरूले उजुरी दर्ता गराई सहयोग गर्न सक्छन् । यसका लागि तपाईंको पूरा नाम, राहदानीको प्रतिलिपि वा नम्बर, तपाईं बस्ने ठाउँको ठेगाना, मोबाइल नम्बर, काम गर्ने कम्पनीको नाम, उजुरीको छोटो विवरण र दूतावासबाट कस्तो सहयोग खोज्नुभएको हो भन्नेबारे सहयोगी समूह वा संस्थालाई जानकारी गराउनुहोस् ।

उजुरी गर्ने कामदारलाई कुनै-कुनै रोजगारदाताले देशनिकाला गराउन खोज्छन् । तपाईंको इच्छाविना तपाईंलाई देशनिकाला गराउन खोजेको कुरा अनुगमन गर्ने अधिकारीलाई भन्नुहोस् । उनीहरूले सहयोगका लागि नेपाली दूतावासमा सम्पर्क गर्ने छन् । खाडी मुलुकबाट बाहिरिन सुरुमा करारनामा गरेको रोजगारदाताको अनुमति चाहिन्छ । मालिक, प्रायोजक वा रोजगारदाताले कामदारले देश छोड्दा कुनै आपत्ति छैन भन्ने पत्रमा हस्ताक्षर गर्नुपर्छ । कुनै अपराध गर्नुभएको छैन भने करार अवधि पूरा भएपछि तपाईंलाई घर फर्किने अधिकार छ । रोजगारदाताले फर्कन दिँदैन भने नेपाली राजदूतावासमा उजुरी दिनुहोस् ।

राहदानी कम्पनी वा स्पोन्सरले राखेको बखत यसको म्याद सकिन सक्छ । यस्तो बेलामा राहदानीको म्याद थप्ने बेला भएको जानकारी रोजगारदातालाई गराउने । घरेलु कामदार महिलाहरूका मालिकले मोबाइल खोसेर लाने भएकोले लुकाएर राख्ने र मालिक नभएको बेलामा मात्र प्रयोग गर्ने । नेपाली दूतावास वा अन्य आवश्यक सम्पर्क नम्बरलाई मोबाइलबाहेक व्यक्तिगत डायरीमासमेत टिपोट गरेर राख्ने गर्नुहोस् ।

## पाठक मञ्च

# एकपछि अर्को आन्दोलनको मारमा अर्थतन्त्र

विवादित मेडिकल व्यवसायी दुर्गा प्रसाईंले छठपछि आन्दोलनको घोषणा गरेका छन् । जेन-जी समूहले पनि आन्दोलनका निम्ति तयारी अवस्थामा रहन भनेको छ । उनीहरूले आन्दोलनको घोषणा गरिरहँदा सर्वसाधारण भने त्रसित बनेका छन् । मुलुकमा लगातार एकपछि अर्को आन्दोलन भइरहेको छ । कहिले राजावादीको त कहिले राजनीतिक दलको भने कहिले जेन-जीको । जसले आन्दोलन गरे पनि दुःख पाउने जनताले नै हो ।

जति दिन बन्द भए पनि सरकारी कर्मचारी र जनप्रतिनिधिलाई कुनै प्रभाव पर्दैन । किनकि, महिना मर्नेबित्तिकै सरकारले उनीहरूको खातामा तलब र पेन्सन हाल्दिहाल्छ । मर्ने भनेको त निमुखा र गरिखाने वर्ग हुन् । गत चैत १५ गते भएको प्रसाईंको आन्दोलन र भदौ २३ र २४ गतेको जेन-जी प्रदर्शनले मुलुकलाई ठूलो क्षति पुगेको छ । भौतिक संरचनामा भएको क्षतिले मुलुकलाई वर्षौं पछाडि धकेलेको छ । यस्तोमा अर्को आन्दोलन हुँदा मुलुक डामाडोल अवस्थामा पुग्ने निश्चित छ । लगातार आन्दोलनका कारण गरिखाने वर्ग प्रभावित बनेको छ । व्यापार व्यवसाय चौपटको स्थितिमा छ । जनताले कर तिर्न छोडेका छन् ।

सरकारी खर्च बढेको बढ्यै छ भने आम्दानीको स्रोत छैन । घरजग्गा कारोबार ठप्पजस्तै छ । गत असोज महिनामा देशभरका १३४ वटा मालपोत कार्यालयबाट घरजग्गा कारोबारबापत जम्मा दुई करोड ७० लाख रूपैयाँ राजस्व उठेको छ । भदौ महिनामा तीन करोड १२ लाख रूपैयाँ उठेकोमा झन् घट्यो ।

घरजग्गामात्रै होइन, अन्य क्षेत्र पनि त्यस्तै छ । आन्दोलनमा भएको क्षतिका कारण राज्यको ढुकुटीमा पुनर्निर्माणको चाप बढिरहँदा अब अरु आन्दोलन भयो भने देशको अवस्था के होला ? वर्तमान सरकारको अर्थमन्त्री रामेश्वर खनाल अर्थविद् हुन् । उनी अर्थमन्त्री बनेको दुई महिना हुन लागिसकेको छ । तर, उनले अर्थतन्त्र सुधारका लागि कुनै कदम चालेका छैनन् । खर्च कटौतीमा अर्थमन्त्री खनालको ध्यान छैन । देशको विषम् परिस्थितिलाई मध्यनजर गरेर उनले कर्मचारी र जनप्रतिनिधिको तलब आधा घटाउनुपर्ने हो । ज्यालादारी र करारका कर्मचारी धमाधम हटाउनुपर्ने हो ।

सामाजिक सुरक्षाभत्ता, पेन्सन कटौती र आम्दानीको स्रोत खोज्नुपर्ने हो । पाँच सय र हजारको नोटमा प्रतिबन्ध लगाउनुपर्ने हो । उनले बुझ्नुपर्ने कुरा के भने, देशलाई नै दाउमा राखेर कर्मचारी र जनप्रतिनिधि पाल्न सकिँदैन । देश रहेमात्र कर्मचारी र जनप्रतिनिधि रहन्छन् । यद्यपि, उनी पनि पुरानै मन्त्रीहरूको बाटोमा हिँडे । पुराना मन्त्रीले काम गर्न सकेनन् भनेर विज्ञ ल्याइएकोमा विज्ञको हविगत पनि उस्तै छ । अर्थमन्त्रीले धमाधम खर्च कटौतीको निर्णय नगर्ने हो भने देश जटिल अवस्थामा पुग्छ । किनकि, अब लगातार मुलुकमा आन्दोलन हुँदै छ । आन्दोलनपछि व्यापार-व्यवसाय डामाडोल हुन्छ ।

उनीहरूले राजस्व तिर्न सक्दैनन् । अनि सरकारले आफ्ना खर्च कसरी धान्छ ? सरकार त अहिलेदेखि नै गृहकार्यमा लाग्नुपर्ने हो । सरकारले सेना, सशस्त्र र प्रहरीलाई बिहान-बेलुका भात खुवाउनैपर्छ । कारागारमा भएका करिब ३० हजार कैदीबन्दीलाई पनि पाल्नैपऱ्यो । यसका लागि स्रोत त चाहियो ।

सरकारले अब धमाधम आम्दानीको स्रोत खोज्नुपर्छ । पहिल्यै वैदेशिक ऋण २९ खर्ब ४२ अर्ब पुगिसकेको छ । बर्सेनि त्यसको साँवाब्याज पनि तिर्नुपर्छ । जसमा खर्बौं खर्च हुन्छ । सरकार अहिले नै सचेत भएन भने मुलुकले ठूलो आर्थिक संकट खेप्नुपर्ने हुन सक्छ । सरकारका अनावश्यक खर्च धेरै छन् ।

यता, सरकारले फागुन २१ गते निर्वाचन तोकेको छ । २०७९ मंसिर ४ गतेको निर्वाचनमा २६ अर्ब रूपैयाँ खर्च भएको थियो । अहिलेको निर्वाचनमा त्योभन्दा बढी खर्च हुने निश्चित छ । सरकारले कहाँबाट पैसा ल्याएर निर्वाचन गराउने ? सरकारले बेलैमा उद्योगहरूलाई प्राथमिकता दिएको भए, आज यो समस्या आउँदैनथ्यो । उद्योग चल्थ्यो, सर्वसाधारणले रोजगारी पाउँथे, राज्यलाई राजस्व आउँथ्यो ।

विडम्बना, सरकारले बेलैमा जनतालाई बुद्धि दिएन । जसको असर राज्य, व्यक्ति, बैंक तथा वित्तिय संस्था र समग्र मुलुकले भोगिरहेको छ । सर्वसाधारणले आफ्नो जीवनभर मिहेनत गरेर कमाएको पैसा सो ठाउँमा लगानी गर्दा सुकुम्बासी भएका छन् । करोडौं लगानी गरेको क्षेत्र लाखमा झरेको छ ।

प्रधानमन्त्री सुशीला कार्की र अर्थमन्त्री खनाल अब अर्थतन्त्र चलायमान बनाउनतर्फ लाग्नुपर्छ । सरकारले अब खर्च कटौती र आम्दानीको स्रोत खोज्नुपर्छ । आन्दोलनको नाममा देश सकाउनेहरू सल्बलाएका छन् । बन्द, हड्ताल, आन्दोलनका नाममा सरकारी सम्पत्ति र निजी सम्पत्ति तोडफोड र आगजनी गर्ने र देश कंगाल बनाउने षडयन्त्र भइरहेको छ । देशलाई खरानी बनाएर अरुलाई सुम्पिने दाउ हो । यसमा नेपाली जनता सचेत हुन आवश्यक छ ।

-**अनुसा थापा**, भक्तपुर

## जानकारी

अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । -*संपादक*

prabhabdailynews@gmail.com
facebook.com/prabhab online



**छठ पूजाको तयारी** | रूपन्देहीको सिद्धार्थनगर नगरपालिका–४ स्थित श्रीराम जानकी हनुमान मन्दिरमा रहेको छठ पोखरीको छेउमा बनाइएका बेदीमा शनिबार रङरोगन गर्दै युवा।

*तस्बिरः रविन्द्रप्रताप गुप्ता/रासस*

# प्रकृति संरक्षणमा नौ हजार सेना



**काठमाडौं (प्रस)–** नेपाली सेनाले १२ वटा राष्ट्रिय निकुञ्जसहित एक वन्यजन्तु अरक्षण र एक सिकार आरक्षमा जनशक्ति परिचालन गरेको छ।

नेपाल सरकारद्वारा घोषित राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, सिकार आरक्ष र चुरेक्षेत्र संरक्षणमा सेनाका नौ हजार ४६ जना जनशक्ति खटिँदै आएको युद्धकार्य निर्देशक मनोज थापाले जानकारी दिए। नेपाली सेनाका आठवटा गण, दुईवटा वन तथा पर्यावरण सुरक्षा गण र सातवटा अनाश्रित गुल्मलाई संरक्षणको जिम्मेवारी तोकिएको छ। चालु आर्थिक वर्षमा विभिन्न राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्षणबाट ४२ नाल विभिन्न हतियार, एक हजार ९७६ जाल पासो, एक हजार ९६५ घरेलु औजार ३३५ वटा सवारीसाधन र १६ वटा ओखोटोपहार बरामद गरेको उनले जानकारी दिए।

नेपाली सेनाबाट भएको सुदृढ सुरक्षा तथा संरक्षण कार्यबाट पछिल्लो १५ वर्षयता बाघ तथा गैँडाको संख्यामा उल्लेखनीय वृद्धि भएको छ। पछिल्लो गणनाअनुसार नेपालमा बाघको संख्या ३५५ रहेको तथा गैँडाको संख्या ७५२ रहेको छ। यसअघि २००९ मा भएको जनगणनामा बाघको संख्या १२१ र २००५ को गणनामा गैँडाको संख्या ४०० रहेको थियो।

ती उपलब्धि हासिल गर्ने क्रममा वन्यजन्तुको आक्रमण र अन्य कारणबाट ११६ जना सैनिकले आफ्नो जीवन गुमाएको सेनाले जानकारी दिएको छ। चालु आवमा मात्रै त्यस्ता जंगली जनावरको आक्रमणमा परी पाँच जना सकलदर्जा घाइते भएको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ।

नेपाली सेनाले नेपालका सुन्दर हिमालको सौन्दर्य कायम राख्न पछिल्लो दशकमा वार्षिकरूपमा हिमाल सफाइ अभियानसमेत सञ्चालन गर्दै आएको छ।

# नागरिकताको अभिलेखलाई ‘डिजिटाइजेसन’

**नवलपरासी (प्रस)–** चालु आर्थिक वर्ष २०८२/८३ को पहिलो तीन महिनामा नवलपरासी (बर्दघाट-सुस्तापूर्व) मा नौ हजारभन्दा बढीले राष्ट्रिय परिचयपत्रका लागि फाराम भरेका छन्। नयाँ नागरिकता, विद्युतीय राहदानी बनाउनेको संख्याभन्दा पनि राष्ट्रिय परिचयपत्र बनाउन आउने जिल्लावासीको संख्या उल्लेख्य रहेको सहायक प्रमुख जिल्ला अधिकारी माधवप्रसाद शर्माले बताए।

उनकाअनुसार जिल्लाबाट गत साउन १ देखि असोज मसान्तसम्म नौ हजार ३१५ जनाको राष्ट्रिय परिचयपत्रका लागि विवरण संकलन गरिएको छ। राष्ट्रिय परिचयपत्रको बनाउन आउनेमा पाँच हजार ४०८ जना महिला तथा तीन हजार ९०७ जना पुरुष रहेका उनको भनाइ छ। जिल्लाबाट राष्ट्रिय परिचयपत्रको विवरण संकलन तीव्ररूपमा भइरहेको उनको भनाइ छ।

बैंक खाता खोल्नदेखि सरकारी कामका लागिसमेत सरकारले राष्ट्रिय परिचयपत्र अनिवार्य गराएपछि जिल्लावासी राष्ट्रिय परिचयपत्र बनाउन आउन लागेका उनले बताए। जिल्ला प्रशासन कार्यालय कावासोतीबाट जिल्लावासीको राष्ट्रिय परिचयपत्रका लागि विवरण संकलन गरिँदै आएको छ।

त्यस्तै, यही अवधिमा जिल्लामा नयाँ नागरिकताभन्दा धेरैले राहदानी (पासपोर्ट) बनाएका छन्। गत साउनदेखि असोज मसान्तसम्म जिल्लामा एक हजार ८७१ जनाले नयाँ नागरिकता बनाउँदा तीन हजार ४१२ जनाले विद्युतीय राहदानी बनाएका हुन्। जिल्ला प्रशासन कार्यालय नवलपरासी (बर्दघाट-सुस्तापूर्व)का सूचना अधिकारीसमेत रहनुभएका शर्माकाअनुसार पछिल्लो तीन महिनामा ९५९ महिलाले नयाँ नागरिकता बनाएका छन्।

त्यस्तै ८८२ जना पुरुषले नयाँ नागरिकता लिएका शर्माले बताए। यही अवधिमा जिल्लामा एक हजार ९४९ जना पुरुष, एक हजार ३४५ महिला तथा १२१ नाबालकले विद्युतीय राहदानी लिएका शर्माले जानकारी दिए। जिल्लावासीले वैदेशिक अध्ययन, रोजगारी तथा घुम्न जानका लागि राहदानी बनाउने गरेका उल्लेख गर्दै सहायक प्रमुख जिल्ला अधिकारी शर्माले जिल्लाबाट राहदानीको फाराम भर्ने र चाँडो आवश्यक पर्नेलाई काठमाडौं पठाउने गरिएको बताए।

गत असोज मसान्तसम्म जिल्लाबाट एक हजार ३३१ पुरुष तथा एक हजार २४८ महिला गरी दुई हजार ५७९ जनाले नागरिकताको प्रतिलिपि लिएका उनको भनाइ छ। त्यस्तै ५०० जना जिल्लावासीको नागरिकता स्क्यान गरी नागरिकताको अभिलेख डिजिटाइजेसन गरिएको उनले बताए।


# Raskot Municipality

**Office of Municipal Executive**
**RCP, Kalikot**
**Karnali Province, Nepal**

## Invitation For Bids

**Date of Publication: 2082/07/09 BS (Oct-26-2025 AD)**

**Raskot Municipality, Office of Municipal Executive, RCP, Kalikot** invites **electronic bids** from eligible bidders for the following Works and Goods.

| S. N. | Contract ID | Description of Works | Estimated Amount NRs. (With VAT and PS) | Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years. NRs. (without VAT) | Bid Capacity NRs. (without VAT) | Contract of Similar Size and Nature | Time for Work Completion | Bid Security Amount NRs. | Cost of Bidding Document NRs. (Non-Refundable) | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | RM/ 082-83/ WORKS/ NCB-03 | Construction of ward No 5 office building,Raskot Municipality | 1,62,00,594.41 | N/A | N/A | N/A | Within 20 Months from the day of contract agreement. | 3,70,000/- (Three lakh and Seventy Thousand only) | Three thousand (3000) only | NCB-Single Stage: Single-Envelope Bidding Procedures |
| 2. | RM/ 082-83/ WORKS/ NCB-04 | Construction Of Dharmadatta Basic School, Raskot Municipality- 4 | N/A | 28677000 (Rupees Two Crore Eighty Six Lakh Seventy seven Thousand Only) | NRs 25491000 (Rupees Two Crore Fifty Four Lakh Ninety One Thousand Only) | at least One (1) RCC Building Construction with a value of at least NRs 12746000 (Rupees One Crore TwentySeven Lakh FourtySix Thousand Only) | Within 20 Months from the day of contract agreement. | 8,00,000/- (Eight lakh only) | Five thousand (5000) only | NCB-Single Stage: Double-Envelope Bidding Procedures |
| 3. | RM/082-83/ WORKS/ SQ-09 | procurement of Supply and Delivery of Nonlocal Construction material of Paneri irrigation Canal Upto Municipal office Building | 9,95,143.84 | N/A | N/A | N/A | Within 30 days from the day of contract agreement. | 35,600/- (Thirty Five Thousand Six Hundred only) | One thousand (1000) only | Sealed Quoation-Rebid |

**Further Information to Bidders: (For Three of Above Works)**

| | | | | |
|---|---|---|---|---|
| **Pre-Bid Meeting** | **Nov 14, 2025 at 1:00 hrs. (2082/karthik/25)** | Bank Account Details | **Account No. for Bid Document Purchase** | **Office Code: 1126160<br>Revenue Heading Number: 14229<br>A/C name: Global IME Bank, Raskot ,Kalikot<br>A/C No: 13704010000009 ( GA 1.1 ANTARIK RAJASHWA KHATA)** |
| Bid Submission Deadline | Nov 25, 2025 at or before 12:00 hrs. (2082/Mangsir/9) | | Account No. for Bid Security Deposit | Bank Name: Global IME Bank<br>Bank Address: Raskot Branch, Kalikot<br>Dharauti Account Name:DHARAUTI Kosh<br>Dharauti Account Number: 13704010000004 Office Code: 1126160 |
| Bid Opening | Nov 25, 2025 at or before 2:00 hrs. (2082/Mangsir/9) | Required Bid Validity Period | | {Minimum 90 days For NCB & Minimum 30 days for SQ }counting from the day of Bid Opening |
| | **Required Bid Security Validity Period** | | {Minimum 30 days for NCB & Minimum 15 days for SQ }beyond the Bid Validity Period | |

A complete set of Bidding Documents can be downloaded from PPMO's e-GP system https://www.bolpatra.gov.np/egp/ and electronic bids must be submitted through same e-GP system. For other additional information, bidders can contact Raskot Municipality Office, RCP, Kalikot; Contact Number: 9843599244; Email: itoraskotmun@gmail.com. If the last Date of Submission and Opening falls on a Government Holiday then the next working day shall be considered as the last day.

प्रभाव दैनिक

## 'महादशा'मा पूर्जा शर्मा

अभिनेत्री पूजा शर्मा 'महादशा'मा अनुबन्धित भएकी छन् । उनलाई निर्माण टिमले फिल्मको मुख्य अभिनेत्रीको रुपमा अनुबन्ध गरेको हो । लक्ष्मीपूजाको दिन फिल्मका लागि अनुबन्ध भएकी अभिनेत्री शर्माले यो अवसरमा आफु फिल्ममा अनुबन्ध हुन पाउँदा खुशी लागेको बताइन् । निर्माता किरण नेपालीको डेब्यु निर्देशन रहने यो फिल्मका लागि यसअघि निरुता सिंह,उत्तम प्रधानका साथै हिपहप कलाकार हाकिम गुरुङ, प्रमोद अग्रहरि र प्रेमा लामगाढे अनुबन्ध भइसकेका छन् ।



आइतबार, ०९ कात्तिक २०८२ (Sunday, 26 October 2025)

# 'परान'ले दिने भयो १ लाख पुरस्कार




■ प्रभाव संवाददाता

**काठमाडौं–** आगामी साता (कात्तिक १४) गतेबाट रिलिज हुने पारिवारिक कथानक फिल्म 'परान'ले दर्शकहरूलाई फिल्मप्रति थप आकर्षित गराउन एक लाख पुरस्कार दिने घोषणा गरेको छ ।

फिल्मले 'मेरो परान' नामक प्रतियोगिताको घोषणा गर्दै शो पुरस्कार राशि घोषणा गरेको हो । यस प्रतियोगितामा सहभागिता जनाउन इच्छुकले हाल जीवनमा रहेको आफ्नो 'परान' को हो ?, ऊसँगको तस्बिर पोस्ट गर्दै क्याप्सनमा 'मेरो परान' लेखेर आफ्नो कुराहरू लेख्न पाउनेछन् । साथै उक्त पोस्ट फिल्मको अफिसियल फेसबुक पेजलाई ट्याग गर्नुपर्नेछ ।

निर्माण पक्षले सो तस्बिरमा आफ्नो परानका रूपमा बुबा, आमा वा बुबाआमा दुवै वा श्रीमान्, श्रीमती या प्रेमी प्रेमिका, साथी अथवा दाजुभाइ एवम् दिदीबहिनी मध्ये जोकोहीसँगको फोटो पोस्ट गर्न सक्नेछन् । त्यसरी पोस्ट गर्ने मध्ये १ जनाले लक्की ड्र मार्फत १ लाख रूपैयाँ जित्ने अवसर प्राप्त गर्नेछन् भने सय जनाले फिल्मको विशेष शो को टिकट पाउने छन् । यसैगरी 'परान' फिल्मको प्रचारमा केही स्वयंसेवकहरू फिल्मको क्यूआरसहित सहरका विभिन्न भागमा घुम्ने र शो क्रममा क्युआर स्क्यान गरी 'परान' फिल्मको ट्रेलर वा गीत सेयर गर्नेलाई फिल्मका कलाकारसँगै फिल्म हेर्ने अवसर प्रदान गर्ने घोषणा समेत गरेको छ । ५० जना दर्शकलाई यो अवसर दिइनेछ । यस दुवै प्रतियोगितामा रिलिजको एक साता पछिसम्म अर्थात कार्तिक २० गतेसम्म सहभागिता जनाउन पाइनेछ ।

गोल्छा अर्गनाइजेसनका शेखर गोल्छासमेतको प्रत्यक्ष सहभागितामा निर्माण भएकोले पनि 'परान'लाई नेपाली रजतपटले विशेष रूपमा हेरेको छ । यस्तै फिल्ममा शेखर गोल्छासँगै तीन दशकको इतिहास बोकेको प्रिज्मा एडभर्टान्जिङ एजेन्सीका प्रमुख रञ्जित आचार्यको लगानी छ । नेपाली बिजनेसको मार्केटमा छुट्टै पहिचान बनाएका यी दुई व्यक्तिको आगमनका कारण पनि एउटा सशक्त फिल्म बनेको अपेक्षासमेत दर्शकहरूमा छ ।

फिल्मले एक बुबा र छोराको कथालाई प्रस्तुत गरेको छ । फिल्मको शीर्ष भूमिकामा वरिष्ठ अभिनेता नीर साहले अभिनय गरेका छन् । सक्किगोनी फेम दीपकप्रसाद आचार्य (काकु) को निर्देशनमा बनेको यो पहिलो फिल्म हो।

केहि समयअघि सार्वजनिक फिल्मको ट्रेलरले राम्रो प्रतिक्रिया पाएको छ । फिल्ममा निर शाहसँगै मदनकृष्ण श्रेष्ठ, पूजा चन्द, केकी अधिकारी, बुद्धि तामाङ, यासेली योङहाङ, बबिन राई, पुष्पराज ओझा, सीमा काफ्ले, दमन रूपाखेती, यमन श्रेष्ठ, सुब्रतराज आचार्य, सुरेश थापा, विनोद राई, तथा बाल कलाकार आर्यदीप आचार्य, आरभजंग अधिकारीको अभिनय रहेको छ ।

# काठमाडौंपछि 'वरिष्ठ बलराम'को टिम दर्शक भेट्न मोफसलतिर



**काठमाडौं (प्रस)–** चलचित्र 'वरिष्ठ बलराम'को टिम मोफसल पुगेको छ । दर्शक भेट्न भन्दै कलाकारसहितको टिम मोफसल पुगेको हो । काठमाडौंका दर्शकसँगको साक्षात्कारपछि 'वरिष्ठ बलराम'का कलाकार विजय बराल, समृद्धि अर्याल र निर्देशक सुरेन्द्र पौडेल मोफसलका दर्शक भेट्न निस्किएको हो ।

शुक्रबारदेखि 'वरिष्ठ बलराम'को टिम पश्चिम नेपालका विभिन्न हलमा पुगेको छ । हलमा पुगेर दर्शकको प्रतिक्रिया लिइरहेको छ । 'दर्शकले उत्साहजनक प्रतिक्रिया दिइरहनु भएको छ । हेर्ने अधिकांश दर्शकले नेपाली मौलिक कथासहितको चलचित्र भन्दै हेर्नैपर्ने चलचित्र भन्नु भएको छ,' निर्देशक पौडेलले भने, 'चलचित्रले दर्शको मन जित्न सफल भएको छ । जसरी काठामाडौंका दर्शकले चलचित्र मनपराइदिनुभयो, त्यस्तै मोफसलका दर्शकले पनि उत्कृष्ट चलचित्र भएको बताइरहनु भएको छ ।'

निर्देशक पौडेलले धेरै शो हाउसफूल भएका र हाउसफूल नभएका शोमा पनि ७० प्रतिशतभन्दा माथि अकुपेन्सी रहेको जानकारी दिए । तिहारको भाइटीकाको अवसर पारेर प्रदर्शनमा आएको चलचित्र 'वरिष्ठ बलराम' ले देशभरका सिनेमा हलमा उत्साहजनक अकुपेन्सीमा प्रदर्शन भइरहेको छ । रिलिजको पहिलो दिन देखिनै यो चलचित्रले हाउसफूल दर्शकहरूको साथ पाउँदै आइरहेको छ भने कतिपय हलहरूमा ७० देखि ८० प्रतिशतसम्म अकुपेन्सी हासिल गरेको छ । राजधानीदेखि बाहिरी सहरका सिनेमा हलहरूमा समेत दर्शकको भीड देखिएको छ । 'वरिष्ठ बलराम'को अकुपेन्सी राम्रो भएपछि केही हलहरूले आज शनिवारलाई शोमा समेत थप गरेका थिए ।

पहिलो दिन बिहानैदेखि धेरै शोहरू हाउसफूल हुनु र दोस्रो दिन पनि सिनेमा हलमा दर्शकको उपस्थिति उच्चसँगै हाउसफूल हुनुले चलचित्रको राम्रो वर्ड अफ माउथ बनेको बुझाउँछ । दयाहाङ राई र विजय बराल स्टारर यो चलचित्रले पहिलो दिनदेखि नै दर्शकको सकारात्मक रिभ्यु पाएसँगै चलचित्रको निर्माण पक्ष व्यापारप्रति आशावादी देखिएको छ ।

चलचित्र 'वरिष्ठ बलराम'लाई सुरेन्द्र पौडेलले निर्देशन गरेका छन् । वृषभ सिद्धी इन्टरटेनमेन्ट को प्रस्तुतिमा आन्भी फिल्म्सको सहकार्यमा बनेको यो चलचित्रमा दयाहाङ राई, विजय बराल, समृद्धि अर्याल, पशुपति राई, माओत्से गुरुङ, भोलाराज सापकोटा, रामबाबु रेग्मी, प्रदीप कुमार चौधरी (पीके) लगायत कलाकार हरूको अभिनय छ ।

चलचित्रको कथा र सम्पादन निर्देशक पौडेलकै रहेको छ भने पटकथा महेश दवाडी ले लेखेका हुन् । निर्मातामा आशिष एच तामाङ र श्रीराज कार्की, कार्यकारी निर्मातामा प्रदीप जी धामी र पुष्कर बी. घिमिरे छन् । लाइन प्रोड्युसर राम विष्ट हुन् । मनकृष्ण महर्जन को छायांकन, प्रशान्त सिवाकोटी को संगीत, सम्राट बस्नेत को एक्सन निर्देशन र प्रदीप लामो को नृत्य निर्देशन रहेको चलचित्रलाई उपत्यकामा डीसीएन र उपत्यका बाहिर कुवेर सिने डिस्ट्रीब्युसनले वितरण गरेको हो ।



आइसिसी क्रिकेट विश्वकप लिग २

# जितको लक्ष्यसहित आज अमेरिकासँग भिड्दै नेपाल











■ प्रभाव संवाददाता

**काठमाडौं–** आइसीसी विश्वकप क्रिकेट लिग-२ को यूएई शृंखलाको पहिलो खेलमा नेपालले (आज) आइतबार अमेरिकाको सामना गर्दैछ । नेपाल र अमेरिकाको खेल बिहान सवा ११ बजे सुरु हुनेछ । केही दिन यता यूएईमा अभ्यासमा व्यस्त भएको नेपाली राष्ट्रिय क्रिकेट टिमले आइतबारबाट लिग-२ का महत्वपूर्ण खेल खेल्न लागेको हो ।

लिग-२ अन्तर्गत युएई र अमेरिकासँग हुने शृंखलामा रोहित पौडेलको कप्तानीमा नेपाली टिम मैदानमा उत्रने छ । नेपाल क्रिकेट संघ क्यानले सन्दीप जोरा, लोकेश बम र आदिल आलमलाई हटाएर विश्वकप लिग-२ मा भीम सार्की, शाहब आलम र अनिल साहलाई स्थान दिएको छ । लिग-२ अन्तर्गत युएई र अमेरिकासँगको शृंखलाका खेल कात्तिक ९ आइतबारदेखि १९ गते बुधबारसम्म युएईमा हुँदैछ ।

नेपालले आइतबार अमेरिकासँग प्रतिस्पर्धा गरेर यूएई शृंखलाको सुरुवात गर्दैछ । दोस्रो खेलमा कात्तिक १३ गते बिहीबार युएईसँग भिड्ने तालिका छ ।

शृंखलाको तेस्रो खेलमा कात्तिक १५ गते शनिबार अमेरिकासँगको भेट तय गरेको नेपालले शृंखलाको अन्तिम खेलमा कात्तिक १९ गते बुधबार युएईसँग प्रतिस्पर्धा गर्ने छ ।

विश्वकप लिग-२ मा १२ खेल खेलेको नेपालले १६ अंक जोडेको छ । समान खेल खेलेको युएईको ६ अंक छ । तालिकामा नेपाल सातौं स्थानमा छ भने युएई आठौं स्थानमा छ । २० खेल खेलिसकेको अमेरिका २८ अंकसहित तालिकाको दोस्रो स्थानमा छ ।

# काठमाडौं म्याराथन आगामी शनिबार

■ प्रभाव संवाददाता




**काठमाडौं–** एनआरएस स्पोर्टस फाउन्डेसनको आयोजनमा भइरहेको काठमाडौं म्याराथनको १७औं संस्करण कार्तिक १५ गते हुने भएको छ ।

प्रतियोगितामा यस पटक म्याराथन (४२.१९५ किमि) मा खुला, ४०, ५० र ६० वर्षमाथि, हाफ म्याराथनमा खुला, ४० र ५० वर्षमाथि, १० किमि मास्टर्समा खुला, ५ किमिमा खुला, ५.३ किमिमा खुला, विद्यालय तथा फन रन गरी १३ विधा समावेश गरिएको छ । हालसम्म प्रतियोगितामा सहभागिताका लागि १०६ विदेशीसहित १६ राष्ट्रका ३ हजारभन्दा बढि धावक धाविकाले आफ्नो नाम दर्ता गरिसकेका छन् । कार्तिक १० गतेसम्का लागि दर्ता प्रक्रिया खुला गरिएको छ ।

म्याराथन दशरथ रंगशाला त्रिपुरेश्वरदेखि थापाथली, कुपन्डोल, पुल्चोक, जावलाखेल, लगनखेल, सातदोबाटो, ग्वार्को, कोटेश्वर, जडीबुटी, कौशलटार चोक, सूर्यविनायक, भक्तपुर दरवार स्क्वायर, वोडे, सानो ठिमी, तिनकुने, पशुपतिनाथ, गौशाला, चाबहिल, महाराजगंज, पानीपोखरी, केशरमहल, भद्रकाली, सुन्धारा हुदै सुरुआती विन्दुमै आएर समाप्त हुनेछ ।

म्याराथन बिहान ठीक ५:३० बजे सुरु हुनेछ र त्यसपछि प्रत्येक ५ मिनेटको अन्तरालमा अन्य रेसहरू सुरु हुनेछन् ।

# अस्ट्रेलियाविरुद्ध अन्तिम खेलमा भारत विजयी



**काठमाडौं (प्रस)–** रोहित शर्माको शतकप्रेरित भारत घरेलु टोली अस्ट्रेलियाविरुद्धको एकदिवसीय अन्तर्राष्ट्रिय शृंखलाको अन्तिम खेलमा विजयी भएको छ ।

सिड्नी क्रिकेट मैदानमा शनिबार सम्पन्न तेस्रो तथा अन्तिम खेलमा भारतले ९ विकेटको सानदार जित दर्ता गरेसँगै लगातार २ खेलमा पराजित भएको भारतले अन्तिम खेलमा जित हात पाऱ्यो ।

यससँगै शृंखला २-१ को स्थितीमा सकिएको छ । यसअघि अस्ट्रेलिया सात र दुई विकेटले विजयी भएको छ ।

अस्ट्रेलयाले प्रस्तुत गरेको २३७ रनको लक्ष्य भारतले ३८.३ ओभरमा एक विकेट गुमाउँदै पूरा गऱ्यो ।

भारतका लागि रोहितले १२५ बलमा १३ चौका र तीन छक्काको मद्दतले अविजित १२१ रनको योगदान गरे । यसैगरी विराट कोहली ८१ बलमा सात चौकासहित ७४ रनमा अविजित रहँदा कप्तान शुभमन गिलले २४ रन जोडे ।

रोहितले दोस्रो विकेटका लागि विराटसँग अविजित १६८ तथा पहिलो विकेटका लागि शुभमनसँग ६९ रनको साझेदारी गरेका थिए । अस्ट्रेलियाका लागि एकमात्र विकेट जोश हेजलउडले लिए ।

त्यसअघि टस जितेर ब्याटिङ रोजेको अस्ट्रेलियाले ४६.४ ओभरमा सबै विकेट गुमाउँदै २३६ रनको योगफल तयार पारेको थियो ।

अस्ट्रेलियाका लागि म्याथ्यु रेनशाले ५८ बलमा दुई चौकासहित सर्वाधिक ५६ रनको योगदान गरे । यसैगरी कप्तान मिचेल मार्शले ४१, म्याथ्यु शर्टले ३०, ट्रभिस हेडले २९, एलेक्स केरीले २४, कुपर कोनोलीले २३ र नाथन एलिसले १६ रन बनाए ।

चौथो विकेटका लागि रेनशा र केरीबीच ५९ रनको साझेदारी भएको थियो । भारतका लागि हर्षीत रानाले चार, वासिङ्टन सुन्दरले दुई तथा मोहम्मद सिराज, प्रसिद्ध कृष्ण, कुलदीप यादव, अक्षर पटेलले समान एक विकेट लिए ।

# ट्रम्पको विश्व पुनर्निर्माण योजनाबाट टाढा हुन संघर्षरत युरोप




**लण्डन–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इजिप्टमा इजरायल-हमासबीच भएको अमेरिकी-मध्यस्थतामा युद्धविराम सम्झौताको स्वागत गर्दा उनका पछाडि उभिएका विश्व नेताहरू केवल प्रतीकात्मक रूपमा देखिए । यो युरोपको घट्दो प्रभावको स्पष्ट संकेत थियो ।

गाजा युद्धदेखि युक्रेन द्वन्द्वसम्म युरोपेली देशहरू कूटनीतिक रूपमा आफ्नो स्थान जोगाउन संघर्षरत छन् भने ट्रम्पले 'अमेरिका फर्स्ट' नीतिअन्तर्गत विश्व राजनीतिलाई पुनः आकार दिने प्रयास तीव्र बनाएका छन् । भू-राजनीतिक विज्ञ लिण्डसे न्युम्यान भन्छन्, 'ट्रम्पको नीति अब अलगाववादी होइन- उहाँ आफ्नो छविमा संसार पुनर्निर्माण गर्दै हुनुहुन्छ । युरोपले उनलाई प्रभाव पार्न सक्ने सम्भावना अत्यन्त न्यून छ ।'

### युक्रेन युद्धमा दबाब र विभाजन

रूसविरुद्ध युरोपको समर्थन र ट्रम्पको दृष्टिकोणबीच गहिरो मतभेद छ । उनले पछिल्लो हप्ता रूसी तेल-ग्यास उद्योगमाथि प्रतिबन्ध लगाए पनि त्यो कदम रुसी राष्ट्रपति पुटिनप्रतिको निराशाबाट बढी प्रेरित थियो । उनले भनेका छन्, 'मैले धेरै पटक भ्लादिमिरसँग राम्रो कुरा गरेको छु, तर केही परिणाम निस्किँदैन ।'

ट्रम्पले युक्रेन युद्ध रोक्ने वाचा पूरा गर्न सकेका छैनन् । युक्रेनका राष्ट्रपति भोलोदिमर जेलेन्स्की र पुटिनबीच वार्ताको पहल असफल भएपछि उनले युरोपेली नेताहरूलाई सहयोगको आग्रह गरे । तर युरोपभित्रै मतभेद देखिएको छ । युरोपेली संघ (इयू) ले युक्रेन सहयोगका लागि फ्रिज गरिएका रूसी सम्पत्ति प्रयोग गर्ने योजनामा सहमति जुटाउन सकेको छैन । हंगेरीका प्रधानमन्त्री भिक्टर ओर्बनले अझै पनि समर्थनको विरोध गरिरहेका छन् ।

फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोनले भने प्रतिबन्धलाई 'निर्णायक मोड' भनेका छन् तर विश्लेषकहरू भन्छन्, 'युरोपेली एकता नटुट्नु नै युरोपको आंशिक विजय हो ।'

### मध्यपूर्वमा युरोपको प्रभाव कमजोर

इजरायल-हमास युद्धविराममा युरोपको भूमिका न्यून रह्यो । ट्रम्पले इजिप्ट, कतार, टर्की र साउदी अरबको भूमिकाको प्रशंसा गरे तर युरोपको योगदानबारे मौन रहे । इयू विश्वकै सबैभन्दा ठूलो सहायता प्रदायक भए पनि इजरायलमाथि यसको दबाब सीमित छ ।

बेलायत र फ्रान्सले प्यालेस्टिनी राज्यलाई मान्यता दिएको कदमले अमेरिकी प्रशासनलाई असन्तुष्ट तुल्याएको बताइन्छ । ट्रम्पका नजिकका अधिकारीहरूले पनि लण्डनको भूमिकालाई 'भ्रमपूर्ण' भनेका छन् । विश्लेषक जोनाथन स्चाञ्जर भन्छन्, 'ट्रम्पको युद्धविरामले युरोपेली आलोचनालाई केही समयका लागि शान्त पारेको छ र दुवै पक्षलाई रचनात्मक संवादतर्फ अग्रसर बनाएको छ ।'

न्युम्यानका अनुसार ट्रम्प अब युरोपभन्दा मध्यपूर्वका मुलुकहरूसँग सम्बन्ध विस्तारमा बढी केन्द्रित छन् । उनी भन्छन्, 'जहाँ अन्य अमेरिकी प्रशासनहरू टाढा जान खोज्थे, ट्रम्प त्यहाँ केन्द्रबिन्दु खोजिरहनुभएको छ ।'

### युरोपका लागि मिश्रित सन्देश

ट्रम्पले नाटोबाट अमेरिकालाई फिर्ता नगरे पनि र युरोपेली सामानमा भारी कर नलगाए पनि उनले देशहरूलाई रक्षा खर्च बढाउन दबाव दिइरहेका छन् । युक्रेनमा रुसको आक्रमणले पनि युरोपमा सुरक्षा चेतना बढाएको छ । सन् २०२० मा इयू छोडेको बेलायत पुनः आफ्नो छिमेकीहरूसँग नजिकिएको छ । प्रधानमन्त्री किर स्टार्मर वासिङ्टन र महाद्वीपबीचको प्रमुख कडी बनेका छन् । इतिहासकार क्याथलिन बर्कका शब्दमा, 'ट्रम्पले बुझ्न थाल्नुभएको छ- सत्रुभन्दा सहयोगी हुनु सधैं राम्रो हुन्छ । यदि युरोप एकजुट रह्यो भने उनीहरूको प्रभाव अझ बढ्न सक्छ ।' *रासस/एपी*



दक्षिणी गाजा पट्टीको खान युनिसको मावासी क्षेत्रमा रहेको अस्थायी विस्थापन शिविरमा पाल टाँगेर राखिएका प्यालेस्टिनी नागरिक ।
*तस्बिरः एएफपी*

# थाइल्याण्डकी मुमा महारानी सिरिकितको ९३ वर्षको उमेरमा निधन



**बैंकक–** थाइल्याण्डकी पूर्वमहारानी तथा वर्तमान राजा महा भाजिरालोंकोर्नकी आमा, मुमा महारानी सिरिकितको ९३ वर्षको उमेरमा निधन भएको छ । थाइल्याण्डको सरकारी जनसम्पर्क विभाग (पिआरडी) ले शनिबार एक विज्ञप्ति जारी गर्दै यो जानकारी दिएको हो ।

विज्ञप्तिकाअनुसार मुमा महारानी सिरिकितको केही समयदेखि रक्त संक्रमणका कारण अस्पतालमा उपचार भइरहेका थियो । मेडिकल टोलीको निरन्तर प्रयासका बाबजुद उनको स्वास्थ्य अवस्था क्रमशः बिग्रँदै गएको र अन्ततः अक्टोबर २४, २०२५ को राति ९:२१ बजे बैंककस्थित थाई रेड क्रस सोसाइटीअन्तर्गतको चुलालोंगकोर्न अस्पतालमा देहावसान भएको उल्लेख गरिएको छ ।

मुमा महारानी आमा सिरिकित कितियाकारा सन् १९३२ अगस्ट १२ मा जन्मिएकी हुन् । उनको जन्मदिन थाइल्याण्डमा मातृ दिवसका रूपमा राष्ट्रिय बिदाका साथ मनाइन्छ । केवल १८ वर्षको उमेरमा उनले तत्कालीन राजा भूमिबोल अदुल्यादेजसँग विवाह गरेकी थिइन् । राजा भूमिबोल चकरी वंशका नवौं सम्राट (राम नवौं) थिए र उनको शासनकाल विश्वकै सबैभन्दा दीर्घकालीन राजामध्ये एक रह्यो । महारानी आमा सिरिकित पनि त्यसैगरी विश्वकी सबैभन्दा लामो समयसम्म सेवा गर्ने महारानीका रूपमा सम्मानित रहेकी थिइन् ।

राजा भूमिबोलको सन् २०१६ मा निधन भएपछि उनका पुत्र महा भाजिरालोंकोर्नले सिंहासन सम्हालेका थिए । मुमा महारानी सिरिकित सन् २०१२ मा आएको स्ट्रोकपछि स्वास्थ्य समस्याका कारण सार्वजनिकरूपमा विरलै देखापर्थिन् ।

उनले जीवनकालभर थाइल्याण्डका सामाजिक, सांस्कृतिक र मानवीय विकासका क्षेत्रमा उल्लेखनीय योगदान दिएकी थिइन् । विशेषगरी दक्षिणी थाइल्याण्डमा बौद्ध समुदाय र विभिन्न संस्थाहरूप्रति सहयोग पुर्‍याउँदै थाई हस्तशिल्प र ग्रामीण महिलाहरूको आर्थिक सशक्तीकरणका लागि 'सपोर्ट फाउण्डेसन' स्थापना गरी उनीहरूलाई उत्पादन र बजार पहुँचमा सशक्त बनाउन सहयोग गरेकी थिइन् ।

मुमा महारानी सिरिकितले आफ्ना स्वर्गीय पतिले प्रारम्भ गरेका सयौं विकास परियोजनाहरूको नियमित निरीक्षण गर्थिन् । उनको भव्यता, आकर्षक व्यक्तित्व र उत्कृष्ट फेसन-बोधका कारण उनी १९६० को दशकमा अन्तर्राष्ट्रिय 'बेस्ट-ड्रेस्ड' सूचीमा चार पटकसम्म चयन भएकी थिइन्, जसलाई न्युयोर्क टाइम्सले 'विश्वकी सबैभन्दा स्टाइलिस व्यक्तित्वहरूमध्ये एक' भनेर चित्रण गरेको थियो ।

थाइल्याण्ड संवैधानिक राजतन्त्र भएकोले मुमा महारानीसँग प्रत्यक्ष राजनीतिक शक्ति नभए पनि उनको उपस्थितिले देशको सामाजिक र सांस्कृतिक जीवनमा गहिरो प्रभाव पारेको व्यापकरूपमा स्वीकार गरिन्छ । मुमा महारानी आमा सिरिकितका एक छोरा राजा महा भाजिरालोंकोर्न, तीन छोरीहरू राजकुमारी ऊबोलरताना, राजकुमारी महा चक्री सिरिन्धोर्न र राजकुमारी चुलाभोर्नका साथै एक बहिनी बुस्बा कितियाकारा सथानपोङ रहेका छन् ।

थाइल्याण्ड दरबारले मुमा महारानीको निधनप्रति गहिरो शोक व्यक्त गर्दै राष्ट्रव्यापी श्रद्धाञ्जली कार्यक्रमको तयारी गरिरहेको जानकारी दिएको छ । *रासस/एएनआई*

# उत्तर कोरिया एक प्रकारको आणविक शक्ति हो : ट्रम्प

**एयर फोर्स वान (अमेरिका)–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले शुक्रबार उत्तर कोरियालाई 'एक प्रकारको आणविक शक्ति' भएको बताएका छन् । प्योङयाङका नेता किम जोङ उनसँगको सम्भावित भेटसमेत समावेश हुनसक्ने एसियाली भ्रमणका लागि अमेरिकाबाट प्रस्थान गर्नुअघि उनले त्यस्तो टिप्पणी गरेका हुन् ।

एयर फोर्स वानमा पत्रकारहरूले वासिङ्टनसँगको वार्ताका पूर्वशर्तका रूपमा उत्तर कोरियालाई आणविक राष्ट्रको रूपमा मान्यता दिनेबारे सोध्दा ट्रम्पले उत्तर दिए, 'ठीक छ, मलाई लाग्छ उनीहरू एक प्रकारका आणविक शक्ति हुन् । जब तपाईं भन्नुहुन्छ कि तिनीहरूलाई मान्यता दिनुपर्छ, ठीक छ, उनीहरूसँग धेरै आणविक हतियार छन्, म त्यसो भन्छु ।'

राष्ट्रपति ट्रम्प आगामी बुधबार दक्षिण कोरियामा हुने एसिया प्यासिफिक इकोनोमिक कोअपरेसन (एपेक) सम्मेलनमा सहभागी हुने अपेक्षा गरिएको छ । अमेरिकी सञ्चारमाध्यमहरूले यसअघि ट्रम्प प्रशासनका केही अधिकारीहरूले उनी र उत्तर कोरियाली नेता किमबीच पुनः वार्ताको सम्भावना खोज्दै अनौपचारिक छलफल चलाएको बताएका थिए ।

ट्रम्पले पनि किमलाई फेरि भेट्ने आशा व्यक्त गरेका छन्- सम्भवतः यही वर्षभित्र । उता, किम जोङ उनले हालै आफूलाई राष्ट्रपति ट्रम्पसँगका 'सुखद सम्झनाहरू' रहेको बताउँदै अमेरिकाले प्योङयाङलाई आफ्नो आणविक हतियार त्याग्न बाध्य पार्ने 'भ्रमपूर्ण माग' त्यागेमा वार्ताका लागि तयार रहेको उल्लेख गरेका थिए ।

दक्षिण कोरियाका एकीकरण मन्त्री चुङ डोङ-युङले पनि राष्ट्रपति ट्रम्पको आगामी भ्रमणका क्रममा किमसँग भेट हुने 'पर्याप्त सम्भावना' रहेको विश्वास व्यक्त गरे । तर एक वरिष्ठ अमेरिकी अधिकारीले भने नाम नखुलाउने सर्तमा सञ्चारकर्मीहरूलाई जानकारी दिँदै सो भेट 'यस भ्रमणको आधिकारिक तालिकामा नरहेको' बताए । हालसम्म दुवै नेताबीच भेटवार्ताको औपचारिक घोषणा गरिएको छैन । यद्यपि, दक्षिण कोरिया र संयुक्त राष्ट्रसंघीय कमाण्डले अक्टोबरको अन्त्यदेखि नोभेम्बरको सुरुसम्मका लागि संयुक्त सुरक्षा क्षेत्र (जेएसए) भ्रमण रोकिएको जानकारी दिएका छन् ।

किम र ट्रम्पबीच अन्तिम भेट सन् २०१९ मा दुई कोरियालाई छुट्याउने असैन्य क्षेत्र (डिमिलिट्राइज्ड जोन) भित्र पर्ने पान्मुञ्जोमको जेएसएमा भएको थियो । यही स्थानमा दुवै देशका सैनिकहरू नियमितरूपमा आमनेसामने हुने गर्छन् । मन्त्री चुङका अनुसार यस वर्ष उत्तर कोरियालीहरू जेएसए नजिकको क्षेत्र सफा गर्ने, फूल रोप्ने, फोटो खिच्नेजस्ता गतिविधिमा व्यस्त देखिएका छन् । राष्ट्रपति ट्रम्पको पहिलो कार्यकालमा किम जोङ उनसँग तीनपटक उच्चस्तरीय शिखर वार्ता भएको थियो । तीमध्ये एक भेट सन् २०१९ मा ट्रम्पले ट्विटरमार्फत अचानक निमन्त्रणापछि पान्मुञ्जोममा भएको थियो । त्यहाँ दुवै नेताले सीमामा हात मिलाएका थिए । त्यसबेला ट्रम्प उत्तर कोरियाको भूमिमा पाइला टेक्ने पहिलो अमेरिकी राष्ट्रपति बनेका थिए ।

तर, उत्तर कोरियाले आफ्नो आणविक हतियार कति त्याग्ने र त्यसको सट्टामा पाउने लाभबारे सहमति नजुट्दा वार्ता अन्ततः असफल भएको थियो । त्यसयता प्योङयाङले आफूलाई 'अपरिवर्तनीय आणविक शक्ति' का रूपमा घोषणा गर्दै आएको छ । *रासस/एएफपी*

# 'संयुक्त राष्ट्रसंघले काम गर्न छोडेको छ'



**क्वालालम्पुर–** ब्राजिलका राष्ट्रपति लुइज इनासिओ लुला दा सिल्भाले शनिबार संयुक्त राष्ट्रसंघ (युएन) र अन्य बहुपक्षीय संस्थाहरूले आफ्नो उद्देश्य गुमाएर 'काम गर्न छोडेका छन्' भन्ने कठोर टिप्पणी गर्दै गाजाका युद्धपीडितहरूको संरक्षणमा असफल भएको आरोप लगाएका छन् ।

मलेसियाका प्रधानमन्त्री अनवर इब्राहिमसँगको भेटपछि आयोजित पत्रकार सम्मेलनमा राष्ट्रपति लुलाले भने, 'गाजा पट्टीमा यति लामो समयदेखि भइरहेको नरसंहारलाई कसरी स्वीकार गर्न सकिन्छ ? ती संस्थाहरू, जसलाई यस्ता अत्याचार रोक्नका लागि स्थापना गरिएको थियो, आज निष्क्रिय बनेका छन् । संयुक्त राष्ट्रसंघ र यसको सुरक्षा परिषद् अब काम गर्दैनन् ।'

उनले मलेसियासँगको सम्बन्धलाई अझ सुदृढ बनाउन प्रतिबद्धता व्यक्त गरे र अन्तर्राष्ट्रिय समुदायले मानवताको पक्षमा ठोस कदम चाल्नुपर्नेमा जोड दिए । उक्त अवसरमा राष्ट्रपति लुलाले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पप्रति समेत व्यंग्य गर्दै भने, 'एकजना नेताका लागि नोबेल पुरस्कारभन्दा टाउको उठाएर हिँड्न सक्नु धेरै महत्त्वपूर्ण कुरा हो ।'

ट्रम्प हाल एसियाली भ्रमणमा रहेका छन् । उनले आफ्नो भ्रमणको अन्तिम दिन बिहीबार दक्षिण कोरियामा चिनियाँ राष्ट्रपति सी चिनफिङसँग उच्चस्तरीय वार्ता गर्ने छन् । यसअघि, उनी आइतबार थाइल्याण्ड र कम्बोडियाबीच हुने शान्ति सम्झौतामा हस्ताक्षर साक्षी बन्ने अपेक्षा गरिएको छ, जसमा अमेरिकी मध्यस्थता रहेको बताइएको छ ।

नर्वेको नोबेल समितिले भेनेजुएलाकी विपक्षी नेत्री मारिया कोरिना मचाडोलाई यस वर्षको शान्ति पुरस्कार प्रदान गरेपछि ट्रम्पलाई बेवास्ता गरिएको भन्दै ह्वाइट हाउसले असन्तोष जनाएको थियो । जनवरीमा दोस्रो कार्यकालका लागि पदभार ग्रहण गरेपछि ट्रम्पले आफूले विश्वका धेरै द्वन्द्वहरू समाधान गर्न योगदान दिएको भन्दै नोबेल पुरस्कारको योग्य भएको दाबी गर्दै आएका छन् । यद्यपि विश्लेषकहरूले त्यसलाई अतिरञ्जित ठानिरहेका छन् ।

यसबीच, ट्रम्प र लुलाबीच पछिल्ला महिनाहरूमा सम्बन्ध पुनःस्थापनाको संकेत देखिएको छ । दुवै नेताबीचको सम्बन्ध अघिल्लो वर्षका तिक्त घटनाहरूका कारण तनावपूर्ण बनेको थियो- विशेषतः ब्राजिलका पूर्वराष्ट्रपति जाइर बोल्सोनारोको मुद्दा र सजायका विषयमा । ट्रम्पले बोल्सोनारोप्रति सहानुभूति देखाएपछि लुला प्रशासनसँगको सम्बन्ध बिग्रिएको थियो ।

ट्रम्प प्रशासनले ब्राजिलका धेरै उत्पादनमा ५० प्रतिशत कर वृद्धि गरेको थियो र ब्राजिलका सर्वोच्च अदालतका एक न्यायाधीशसहित केही शीर्ष अधिकारीमाथि प्रतिबन्ध लगाएको थियो । सेप्टेम्बरमा ब्राजिलको सर्वोच्च अदालतले बोल्सोनारोलाई सन् २०२२ को चुनावमा पराजित भएपछि गरिएको असफल 'कू प्रयास' मा संलग्नताको आरोपमा २७ वर्षको जेल सजाय सुनाएको थियो ।

तर संयुक्त राष्ट्र महासभाको साइडलाइनमा दुवै ७९ वर्षीय नेताहरूबीच भएको छोटो भेटपछि सम्बन्ध पुनः सामान्य बन्दै गएको देखिन्छ । त्यसयता उनहरूले अक्टोबर ६ मा टेलिफोन वार्ता गरेका थिए र आसन्न आसियान शिखर सम्मेलनमा प्रत्यक्ष भेट हुने सम्भावना रहेको बताइएको छ । *रासस/एएफपी*


## हार्दिक समवेदना



जन्म मितिः वि.सं. २००८/०८/०८
स्वर्गारोहण मितिः वि.सं. २०८२/०६/२८

**स्व. गोमादेवी अधिकारी**

यस कम्पनीका लीड रिक्रुटमेन्ट विभागका प्रमुख श्री सुनील अधिकारीज्यूको ममतामयी माता **गोमादेवी अधिकारी** ज्यूको असामयीक स्वर्गारोहणबाट कम्पनी परिवार शोकाकुल एवं स्तब्ध भएका छौं ।

उहाँको दुःखद निधन भएको १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै भावपुर्ण श्रद्धाञ्जली अपर्ण गर्दछौं । साथै शोक सन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनि हार्दिक समवेदना अर्पण गर्दछौं ।

सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लि.
SUN NEPAL LIFE INSURANCE COMPANY LTD.
परिवार

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - २५३५०० | प्रति तोला - ० | प्रति तोला - ३२८० |



**च्याउको सुकुटी** | कञ्चनपुरको शुक्लाफाँटा नगरपालीका-६ कसरौलका व्यावसायिक च्याउ खेतीमा संलग्न किसान बिक्री नभएको कन्या जातको च्याउलाई पारिलो घाममा सुकाउँदै । च्याउलाई सुकाएर सुकुटी बनाई कृषकले दोब्बर मूल्यमा बेच्ने गरेका छन् । *तस्बिर: राजेन्द्रप्रसाद पनेरू/रासस*

## 'डेडिकेटेड' र 'ट्रंकलाइन' महसुल नबुझाएका थप १८ कम्पनीको बिजुली काटियो

■ प्रभाव संवाददाता

**काठमाडौं-** नेपाल विद्युत् प्राधिकरणले 'डेडिकेटेड' र ट्रंकलाइन प्रयोग गरेर त्यसबापतको महसुल नतिर्ने थप १८ वटा उद्योगको विद्युत् लाइन काटेको छ । यसअघि प्राधिकरणले छ वटा उद्योगको लाइन काटेकामा शुक्रबार रातिदेखि थप १८ वटा उद्योगको बिजुली काटेको हो ।

प्राधिकरणका प्रवक्ता राजन ढकालका अनुसार शुक्रबार पञ्चकन्या स्टिल, श्याम प्लास्टिक, गोयन्का फुड्स, कसमस सिमेन्ट, एसआर स्टिल, पञ्चकन्या प्लास्टिक, भलवारी स्वचालित कारखाना, जगदम्बा सेन्थेटिक, एभरेस्ट रोलिङ इन्ड्रस्टिज, घराना फुड्स, विशाल सिमेन्ट, बुटवल सिमेन्ट, निगाले सिमेन्ट, एसआर फुड्स, सिद्धार्थ पेट प्लान्ट, हिमाल आइरन, त्रिवेणी सिन्थेटिक यार्न र सोना मिनरल्स एन्ड आयल्सको बिजुली काटिएको छ ।

यसअघि जगदम्बा स्टिल, रिलायन्स स्पिनिङ मिल्स, शिवम् सिमेन्ट, घोराही सिमेन्ट, अर्घाखाँची सिमेन्ट र त्रिवेणी स्पिनिङ मिल्सको विद्युत् आपूर्ति कटौती गरिएको थियो । कूल आठ अर्ब रूपैयाँभन्दा बढी बक्यौता रहेका उद्योगहरूमध्ये केहीले किस्तामा तिर्न थालेका र केही कानुनी प्रक्रियामा गएका प्रवक्ता ढकालले बताए । 'डेडिकेटेड फिडर र ट्रंकलाइन प्रयोग गरेर महसुल तिर्न बाँकी १४ उद्योगले किस्तामा भुक्तानी गर्न थालेका छन् भने छ वटा उद्योगले अदालतबाट अन्तरिम आदेश लिएका छन् । हेटौंडा सिमेन्ट र उदयपुर सिमेन्टको पनि बक्यौता छ,' उनले भने ।

डेडिकेटेड र ट्रंकलाइनको महसुल उठाउने विषय २०७५ सालयता सुल्झिन सकेको छैन । प्राधिकरणका तत्कालीन सञ्चालक भक्तबहादुर पुनको संयोजकत्वमा पहिलोपटक डेडिकेटेड र ट्रंकलाइनको महसुल बक्यौताबारे अध्ययन भएको थियो । त्यसपछि प्राधिकरणले बक्यौता उठाउने प्रयास गर्दै आएको छ । उद्योगी-व्यवसायीहरूले भने आफूहरूले डेडिकेटेड र ट्रंकलाइन प्रयोग नै नगरेकाले त्यसको महसुल नतिर्ने अडान लिँदै आएका छन् । यो विषय अदालत, संघीय संसद्को सार्वजनिक लेखा समिति तथा अख्तियार दुरूपयोग अनुसन्धान आयोगसम्म पुगेको छ ।

प्राधिकरणले गत असोज १२ गते उद्योगहरूलाई २१ दिनभित्र बक्यौता बुझाउन सार्वजनिक सूचना जारी गरेको हो । किस्ताबन्दीमा बक्यौता तिर्ने सुविधा दिएको प्राधिकरणले सो अवधिसम्ममा बक्यौता तिर्न नआएपछि विद्युत् महसुल संकलन नियमावली, २०७८ अनुसार लाइन काटिएको जानकारी दिएको छ ।

## तीन वटा प्रसारणलाइन निर्माणका लागि सरकारको अनुमति

■ प्रभाव संवाददाता

**काठमाडौं-** सरकारले चालु आवको हालसम्म तीन वटा प्रसारण लाइन निर्माणका लागि अनुमति प्रदान गरेको छ । ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालय मातहतको विद्युत् विकास विभागले भेरी करिडोरको बिजुली राष्ट्रिय प्रणालीमा जोडनका लागि महत्वपूर्ण मानिएको नलगाड मैनताडा प्रसारण लाइनलाई निर्माण अनुमति प्रदान गरेको छ । सो प्रसारण लाइन ७५ किलोमिटर लामो रहेको छ ।

कूल ४०० केभी क्षमताको सो प्रसारण लाइनले दुई हजार ४०० मेगावाट बराबरको बिजुली प्रवाह गर्न सक्ने विभागले जनाएको छ । राष्ट्रिय प्रसारण ग्रीड कम्पनीले सो प्रसारण लाइन निर्माण गर्दैछ ।

यस्तै, ३३ केभी क्षमताको खोरुङ्गा खोला प्रसारण लाइन निर्माणका लागि पनि अनुमति दिएको छ । सो प्रसारण लाइन चार दशमलव ३८ किलोमिटर रहेको छ । सो प्रसारण लाइनले चार दशमलव आठ मेगावाट बिजुली प्रवाह गर्छ । जलविद्युत् आयोजनाबाट उत्पादित बिजुली प्रणालीमा जोडनका लागि सो प्रसारण लाइन निर्माण हुन लागेको हो ।

यसैगरी सुपर सर्दी खोला हाइड्रोपावरले पनि उत्पादित बिजुली प्रणालीमा जोडनका लागि ३३ केभी क्षमताको तीन दशमलव ६८ किलोमिटर लामो प्रसारण लाइन निर्माण गर्दैछ । सो प्रसारण लाइनमा दुई दशमलव नौ मेगावाट बिजुली प्रवाह हुनेछ ।

विभागले हालसम्म कूल २७४ वटा साना ठूला प्रसारण लाइन निर्माणका लागि अनुमतिपत्र प्रदान गरिसकेको छ । यस्तै, चालु आवको हालसम्म कूल आठ वटा प्रसारण लाइन निर्माणका लागि सर्वेक्षण अनुमति दिइएको छ । ती आयोजनामा १३२ केभी क्षमताको मध्य चमेलिया रहेको छ ।

बेल्डिया सोलार पावर परियोजना, फालेखु खोला १३२ केभी प्रसारण लाइन परियोजना, जानकी सोलार पावर प्रसारण लाइन, दुधकोशी पाँचौं २२० केभी प्रसारण लाइन परियोजना, समुन्द्रटार लप्सेफेदी २३२ केभी प्रसारण लाइन निर्माणका लागि अनुमति दिइएको छ ।

ठेकेदारलाई मन्त्री घिसिङको निर्देशन

## नयाँ संसद् भवन निर्माण निर्धारित समयमै सक्नू



काठमाडौं (प्रस)- सहरी विकासमन्त्री कुलमान घिसिङले सिंहदरबार परिसरमा निर्माणाधीन संघीय संसद् भवन निर्धारित समयमै सम्पन्न गर्न निर्देशन दिएका छन् । निर्माणाधीन भवनको शनिबार अवलोकनपश्चात् उनले हरेक दिनको कार्यतालिका बनाएर निर्माणमा जुट्न ठेकेदार कम्पनीलाई निर्देशन दिएका हुन् ।

मन्त्री घिसिङले भने, 'पाँचौं पटक म्याद थप गर्दा ठेकेदारका तर्फबाट आगामी पुस १६ गतेभित्र निर्माण सम्पन्न गर्ने प्रतिबद्धता गर्नुभएको छ, उक्त समयभित्रै निर्माण सम्पन्न गर्न गम्भीर भएर काम गर्नुपर्छ ।'

'जेन-जी' प्रदर्शनका क्रममा नयाँ बानेश्वरस्थित संघीय संसद् भवनमा क्षति पुगेको छ । त्यसैले पनि राष्ट्रिय सभा बैठक बसाल्न पनि समस्या भइरहेको छ । 'पुरानो संसद् भवनमा जेन-जी प्रदर्शनका क्रममा आगजनी भएर क्षति पुगेको छ । राष्ट्रिय सभा बैठक चलाउनुपर्ने छ,' उनले भने, 'आगामी निर्वाचनपछि प्रतिनिधिसभा बैठक पनि बस्नुपर्छ । हाल क्षतिग्रस्त संसद् भवनलाई बैठक सञ्चालन योग्य बनाउन समय लाग्छ । त्यसैले नयाँ संसद् भवन छिटोभन्दा छिटो सम्पन्न गर्नुपर्छ ।'

त्यसक्रममा ठेकेदार प्रतिनिधिले हालसम्म ८७ प्रतिशत काम सम्पन्न भएको र भवनभित्र 'फिनिसिङ'को काम चलिरहेको जनाएका थिए । कतिपय निर्माण सामग्री विदेशबाट ल्याउनुपर्ने भएकाले निर्माणमा केही ढिलाइ भएको जनाउँदै ठेकेदार कम्पनीले बाँकी काम आगामी पुस १६ गतेसम्म सम्पन्न गर्नेगरी आफूहरू लागिरहेको बताएका थिए । सिंहदरबार परिसरभित्र १५७ रोपनी क्षेत्रफलमा नयाँ संसद् भवन निर्माण भइरहेको छ ।

## छठ पर्वले केराको माग बढ्यो



**धनुषा-** छठ पर्व सुरु भएसँगै जनकपुरधामसहित धनुषा जिल्लाका स्थानीय बजारमा केराको माग अत्यधिक वृद्धि भएको छ । बजारमा केराको कारोबार बढेको छ । छठका लागि केराको अनिवार्य माग भएकाले उल्लेखनीय रूपमा बिक्री बढेको फलफूल व्यवसायीले बताएका छन् । छठ पर्वमा भगवान् सूर्यलाई अर्घ्य अर्पण गर्न प्रयोग हुने मुख्य प्रसाद 'केरा' को सिंगैघरीको माग जनकपुरधामसहित स्थानीय बजारमा अत्यधिक बढेको केरा व्यापारी जनाएका छन् ।

अहिले स्थानीय महेन्द्रनगर, ढल्केवर, वीरेन्द्रबजार, गोदार, सबैला, बटेश्वर, लक्ष्मीनियाँका बजारमा केराको कारोबार बढेको छ । त्यसैगरी जनकपुरधामलगायत मुख्य बजारदेखि ग्रामीण हाटबजारसम्म अहिले केरा किन्ने ग्राहकको भीड लागेको छ ।

छठमा केराको माग उच्च हुने र आपूर्ति कम हुँदा हरेक वर्ष आयातमा वृद्धि गर्नुपर्ने जनकपुर फलफूल तथा तरकारी व्यवसायी समितिका अध्यक्ष विश्वेश्वर यादवले बताए । उनका अनुसार यसवर्ष व्यापारीले भारत र अन्य जिल्लाबाट ठूलो परिमाणमा केरा खरिद गरी गोदाममा भण्डारण गरेको बताए ।

गोदाममा पर्याप्त मात्रामा केरा उपलब्ध भएकाले यसपटक व्रर्तालुलाई केराको अभाव नहुने अध्यक्ष यादवले बताए । केराको माग बढेसँगै मूल्यमा भने वृद्धि भएको छ । क्षीरेश्वरनाथ नगरपालिका-५ का रमेश गुप्ताका अनुसार अहिले स्थानीय बजारमा केराको प्रतिघरी मूल्य रु ६०० सयदेखि रु एक हजारसम्म पुगेको छ, जुन गत वर्षको तुलनामा उल्लेखनीय रूपमा बढी हो । छठ पर्वका लागि मधेस प्रदेशको राजधानी जनकपुरधाममा केरा भारतबाट आयात गरिएको छ । स्थानीयस्तरमा मागअनुसार उत्पादन नभएपछि बाहिरबाट केरा मगाउनु परेको फलफूल व्यवसायीको भनाइ छ । महेन्द्रनगरका जीवन फ्रुट सेन्टरका सञ्चालक जीवन साहले भने, 'यस वर्ष झण्डै ७२ ट्रक केरा भित्र्याइएको छ ।'

जनकपुरमा गोपाल र वंशीभोग जातका केरा सप्तरीको भारदह, भान्टाबारी तथा इनरुवाबाट भित्र्याइएको छ । मालभोग, मिरिचमान, चिनी चम्पा जातका केरा भारतको आसाम, गोहाटी, बङ्गाल, हाजिपुर, ठाकुरगञ्ज र चम्पारणबाट मगाउने गरिएको फलफूल तथा तरकारी व्यवसायी समितिका सचिव भुवनेश्वर पूर्वेले जानकारी दिए ।

छठ पर्वसँगै गत वर्षको तुलनामा यस वर्ष २५ प्रतिशतले केराको भाउ महँगिएको उनले बताए । 'छठ मनाउने संख्या प्रत्येक वर्ष वृद्धि भएकाले केराको माग पनि बढेको हो, बजारको मागअनुसार गत वर्षको तुलनामा यस वर्ष १५/२० ट्रक बढी केरा मगाइएको छ', उनले भने ।

समितिका अध्यक्ष यादवका अनुसार १० चक्काको ट्रकमा एक हजार २०० घरी आउँछन् । प्रतिट्रक बराबर जनकपुरसम्म ल्याउँदाको खर्च रू छ लाख पर्ने उनले जानकारी दिए । बजारमा प्रत्येक केराको घरीलाई रू ५०० देखि एक हजारसम्ममा बिक्री गरिन्छ । ख*रासस*

## एक महिनामा अन्नपूर्ण क्षेत्रमा ३० हजार पर्यटक

**गण्डकी (प्रस)-** गत असोजमा ३० हजार ५४७ विदेशी पर्यटकले अन्नपूर्ण क्षेत्रको भ्रमण गरेका छन् । दक्षिण एसियाली मुलुकका १० हजार १९ र अन्य देशका २० हजार ५२८ जना पर्यटकले यस क्षेत्रको भ्रमण गरेका अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाले जनाएको छ ।

गत वर्ष असोजको तुलनामा यस वर्ष १८५ पर्यटक कम आएका आयोजना प्रमुख डा. रविन कडरियाले बताए । गत भदौमा भएको 'जेनजी' प्रदर्शन र मौसमको अवरोधका कारण भारतीय पर्यटक आगमन घटेको उनको भनाइ छ ।

आर्थिक वर्ष २०८०/८१ मा २८ हजार ७०५ र आव २०८१/८२ को असोजमा ३० हजार ७३२ जना पर्यटक यस क्षेत्रमा भित्रिएकामा जनाउँदै कडरियाले असोज र कात्तिकलाई मुख्य पर्यटकीययाम मानिने बताए । कात्तिकमा अन्नपूर्ण क्षेत्रमा पर्यटक आगमन थप बढ्ने अपेक्षा गरिएको उनले उल्लेख गरे ।

तिहार लगत्तै मुस्ताङसहित आसपासका क्षेत्रमा आन्तरिक पर्यटकको चहलपहल बढेको आयोजना प्रमुख कडरियाले बताए । 'यो याममा विदेशी पर्यटक पदयात्राका लागि यस क्षेत्रमा आउने गर्दछन् । गत कात्तिकमा ३३ हजार ३१० विदेशी पर्यटकले अन्नपूर्ण क्षेत्रको भ्रमण गरेका थिए', उनले भने ।

आयोजना कार्यालयले अन्नपूर्ण चक्रीय पदमार्गमा घुमफिर गर्ने विदेशी पर्यटकको मात्र तथ्यांक राख्ने गरेको छ । सडक मार्ग भएर बर्सेनि उल्लेख्य संख्यामा आन्तरिक पर्यटक यस क्षेत्रमा भित्रने गरेका आयोजना प्रमुख डा. कडरियाले बताए । पर्यटकीय यामसँगै मुख्य चाडपर्व र बिदाको समय पनि पर्ने भएकाले यो समयमा आन्तरिक पर्यटकको आगमन पनि बढ्ने गरेको उनको भनाइ छ ।

यस याममा अन्नपूर्ण आधार शिविर, मर्दी हिमाल, घान्द्रुक, मनाङको तिलिचो ताल, थोरङ्ला भञ्ज्याङ, उपल्लो मुस्ताङ, म्याग्दीको घोरेपानी, पुनहिलगायत अन्नपूर्ण फेरोमा पर्ने गन्तव्यस्थलमा आन्तरिक तथा बाह्य पर्यटकको बाक्लो चहलपहल देखिने आयोजना प्रमुख डा. कडरियाले बताए ।

वर्षात् र जाडो याममा यस क्षेत्रमा आउने पदयात्री पर्यटकको संख्या घट्ने बताउँदै उनले अन्य सययमा भने आन्तरिक तथा बाह्य पर्यटकको चहलपहल बढ्ने उल्लेख गरे । उनका अनुसार मुक्तिनाथसहित अन्य धार्मिक गन्तव्यमा जाने अधिकांश भारतीय पर्यटकले सडक मार्ग प्रयोग गरे पनि अन्य मुलुकका पर्यटकले भने पदयात्रा रुचाउने गरेका छन् ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ